लेखापरीक्षण प्रतिवेदन

स्वर्गद्वारी नगरपालिका, प्युठान

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

स्वर्गद्वारी नगरपालिका, प्युठान

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८३ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/528

श्रीमान् नगरप्रमुखज्यू,
स्वर्गद्वारी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, प्युठान ।

विषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/528

श्रीमान प्रमुखज्यू ,

स्वर्गद्धारी नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, प्युठान ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार २.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. नगरपालिकाको आय व्यय तर्फ रु. १ अर्ब ६८ करोड ८५ लाख २१ हजारको लेखापरीक्षणबाट रु. १ करोड ८३ लाख ७ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. ४५ लाख १ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु. ३ लाख १५ हजार, नियमित गर्नुपर्ने रु. ३६ लाख ७७ हजार र पेश्की बाँकी रु. ९८ लाख १४ हजार गरी जम्मा रु. १ करोड ३८ लाख ६ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. १४ करोड १७ लाख ६९ हजार रहेकोमा यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु. १५ करोड ५५ लाख ७५ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत स्वर्गद्धारी नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
६०	१२५	१,८३,०६,७१७	१	७५	४५,००,८२२	०	५९	५०	१,३८,०५,८९५	०	३६,७७,३३७	३,१४,५१५	०	०	३९,९१,८५२	९८,१४,०४३

अद्यावधिक बेरुजु स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
प्यूठान	१४,१७,६९,०००	०	०	१४,१७,६९,०००	०	१,३८,०५,८९५	१५५५७४८९५

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	२५	सुरक्षित नागरिक आवास कार्यक्रम	२९,२५,०००
२	२०८१/८२	४६.१	सामाजिक सुरक्षा र संरक्षण	१३,५४,०१६
३	२०८१/८२	५५	शिक्षण सिकाई सामाग्री व्यवस्थापन	१३,२००
४	२०८१/८२	९	बैक हिसाव मिलान	०
५	२०८१/८२	४३	बार्षिक उत्सव कार्यक्रम	१०,३५०
६	२०८१/८२	२६	पेश्की बाँकी	८०,०००

७	२०८१/८२	५३	पाठ्यपुस्तकमा भुक्तानी	१,१८,२५६
जम्मा				**४५,००,८२२**

स्वर्गद्वारी नगरपालिका, प्युठान

(८०५५५४०२३००)

स्वर्गद्वारी नगरपालिका , प्यूठान

परिचय

१ **परिचय खण्ड**

(क) कार्यालय परिचय :- स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१।८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।३ देखि २०८२।५।७ सम्म ५ कार्यदिन रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय र व्ययतर्फको रु.१ अर्ब ६८ करोड ८५ लाख २० हजार ७४१.९० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.७,३६,९४४.०० असुल भइ दाखिला प्रमाण पेश भएको छ।

क्र.सं.	विवरण	असुल रु.
१	बिलबेगर भुक्तानी	१८०००
२	दोहोरो भत्ता भुक्तानी	७६५०
३	औषधि खरिद असुल	५०१२०
४	मल व्यवस्थापन समितिकोबैठक भत्ता	११०५०
५	पाठ्यपुस्तकमा बढी भूक्तानि	३३०५१७
६	सोझै खरिद गरेकोमुल्याङ्कन प्रतिवेदनको वैठकभत्ता भुक्तानी	७३९५०
७	नर्म्स बाहेकको खर्च	१३६००
८	भत्ता वढी भुक्तानी	७६५०
९	विद्यालयलाई बढी निकासा	२२४४०७
	जम्मा	**७३६९४४**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ आर्थिक कारोबारको एकीकृत विवरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः

स्वर्गद्वारी नगरपालिका					
आर्थिक वर्ष २०८१।८२					
आर्थिक कारोबारको एकिकृत विवरण					
विवरण	**रकम**	**रकम**	**विवरण**	**रकम**	**रकम**
शुरु मौज्दात		६४४७३१३२.२९	चालु खर्च		४०११५४१६४.९१
१. संचित कोष	४६५८५१२६.००		१. पालिका तर्फ	१५८१८७२४९.९१	
२. धरौटी	९०९४४६७.४३		२. संघिय सशर्त	२४२३३५२२८.००	
३. कार्यालय सन्चालन कोष खाता	६३४११४३.३६		३. संघिय बिशेष	०.००	
३. आन्तरिक राजस्व खाताको मौज्दात	१४२६२५४.००		४. प्रदेश सशर्त	६३१६८७.००	
४. विपद् ब्यवस्थापन कोष खाता	१०२६१४१.५०		५. प्रदेश बिशेष	०.००	
यस बर्षको आय		२०३७२४८५.९०	पुँजिगतखर्च		२५६७२४१७७.४१
१. आन्तरिक आय	२०३७२४८५.९०		१. पालिका तर्फ	९६६०७४१८.१७	
वित्तीय हस्तान्तरण (संघ)		६१७४१४१०१.८५	२. संघिय सशर्त	११०८०१४४४.००	
क) समानीकरण अनुदान	९५११५११२०.००		३. संघिय बिशेष	२८४५७५७६.००	
ख) राजस्व बाँडफाँड	१०७८२४४८१.८५		४. संघीय समपुरक	२९९३४१५.००	
ग) सर्शत अनुदान	३८१२३४५००.००		५. प्रदेश सशर्त	९५३८१२२.२४	
घ) समपुरक अनुदान	३००००००.००		६. प्रदेश बिशेष	१५६३३०६.००	
बिशेष अनुदान	३०२०००००.००		७. प्रदेश समपुरक	६७६२८९६.००	
अन्य	०.००		८. अन्तर सरकारी अख्तियारी (संघ)		१३७१६६७३१.६६
३. वित्तीय हस्तान्तरण (प्रदेश)			क) सामाजिक सुरक्षा	१२९६४८४०७.६६	
क) समानीकरण अनुदान	६८८२०००.००	४३७८१८९३.९९	ख) विद्यालय शिक्षा क्षेत्र योजना	९१२०००.००	
ख) राजस्व बाँडफाँड	१३९५३१११.९९		ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	७०५०००.००	
ग) सर्शत अनुदान	१४४००००.००		घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	५९०१३२४.००	
घ) समपुरक अनुदान	६९३००००.००		अन्तर सरकारी अख्तियारी (प्रदेश)	०.००	
बिशेष अनुदान	१६१६७८२.००		ऋण फिर्ता (साँवा)	०.००	

रोयल्टी			ऋणको ब्याज भुक्तानी	०.००	
अन्य			धरौटी फिर्ता तथा सदरस्याहा	३८९१७४८.००	३८९१७४८.००
४. अन्तर सरकारी अख्तियारी (संघ)		१३७१६६७३१.६६	कार्यसन्चालन कोषबाट भएको खर्च		१२४०७१७४.८५
क) सामाजिक सुरक्षा	१२९६४८४०७.६६		१. कार्यालय सन्चालन कोष खाता खर्च	७२४४४१०.००	
ख) विद्यालय शिक्षा क्षेत्र योजना	९१२०००.००		२. विभाज्यकोष खाताखर्च	३४८४०६५.५५	
ग) स्वास्थ्य क्षेत्रसुधार कार्यक्रम	७०५०००.००		३. विपद् व्यवस्थापन कोष खाताखर्च	१६७८६९९.३०	
घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	५९०१३२४.००		४. गैर सरकारी संस्थाबाट सन्चालित योजना बाट आय	०.००	
५.अन्तर सरकारी अख्तियारी प्रदेश	०.००	०.००	५. अन्य सहयोगमा सन्चालित योजना	०.००	
६. ऋण तथा बित्तीय ब्यवस्था	०.००	०.००	अन्य खर्च भएमा	०.००	
७. धरौटी आय	८५३२८३६.००	८५३२८३६.००	अनुदान फिर्ता	०.००	
८. कार्यसन्चालन कोष आय	४७९०२८१.००	४७९०२८१.००	संघ तर्फ		२९८४६६३७.२०
९. बिपद् ब्यवस्थापन कोष आय	४३१६०३७.१५	४३१६०३७.१५	क) सशर्त अनुदान	२८०९७६२८.२०	०.००
१०. विभाज्य कोष खाताको आय	६३१९१९९.००	६३१९१९९.००	ख) बिशेष अनुदान	१७४२४२४.००	०.००
११. गैर सरकारी संस्थाबाट सन्चालित योजनाबाट आय	०.००		ग) समपुरक अनुदान	६५८५.००	०.००
१२. अन्य सहयोगमा सन्चालित योजना	०.००		२. प्रदेश तर्फ		४४५०७७१.००
१३. अन्य आय भएमा	०.००		क) सशर्त अनुदान	४२३०१९१.००	०.००
छ) खर्च खाताबाट नसाटिएको चेक रकम	१४८८९१.५०	१४८८९१.५०	ख) बिशेष अनुदान	५३४७६.००	०.००
कार्यसन्चालन कोषको साट्न बाँकी चेक रकम	३६८७८.८२	३६८७८.८२	ग) समपुरक अनुदान	१६७१०४.००	०.००
			अन्तिम मौज्दात		६१७११०६४.१३
			क) सन्चित कोषको मौज्दात	३५१५०२३७.१२	०.००
			ख) धरौटी कोष	१३७३५५५५.४३	०.००

			ग) कार्य सन्चालन कोषको मौज्दात	३९२३८९३.१९	०.००
			घ) विपद ब्यवस्थापन कोषको मौज्दात	३६६३४७९.३५	०.००
			ङ) आन्तरिक राजस्व कोषको मौज्दात	२४०२७६५.५९	०.००
			च) विभाज्य कोषको मौज्दात	२८३५१३३.४५	०.००
कुल जम्मा		**९०७३५२४६९.१६**	**कुलजम्मा**		**९०७३५२४६९.१६**

नेपालको संविधानको धारा २४१ को उपधारा ४ मा तीननै तहको सरकारको लेखा संघीय कानुन वमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा रहने व्यवस्था भए अनुरुप नेपाल सरकार मन्त्रिपरिषद्बाट २०७६।१।१७ मा सवै स्थानीय तहमा स्थानीय तह संचितकोष व्यवस्थापन प्रणाली (Sub-National Treasury Regulatory Application- SuTRA)लागु गर्ने निर्णय भई कार्यान्वियनमा रहेको छ। स्थानीय तह संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) अनुसार पालिकाले तयार गरेको एकीकृत वित्तीय विवरण (म.ले.प.फाराम नं. २७०) मा पालिकाले संघीय सरकारवाट अनुदान प्राप्त गरी कार्यान्वियन गरेको निम्नानुसार रु.१३,७०,६१,७३१.६६ समावेश भै प्रतिवेदन भएको छैन। साथै गत वर्षको अन्तिम मौज्दात रु.६,२९,२८,७१७.५० रहेकोमा यस वर्षको सुरु मौज्दात रु.६,४४,७३,१३२.२९ समावेश गरेकोले रु.१५,४४,४१४.७९ वढी कायम गरेको अवस्था रहेको छ। उल्लेखित अवस्थाले पालिकाले तयार गरेको एकीकृत वित्तीय विवरण (म.ले.प.फाराम नं. २७०) ले पालिकाको समग्र आर्थिक कारोवारको यथार्थ अवस्था चित्रण गरेको देखिदैन। पालिकामा भएको सबै आर्थिक कारोबार तथा मौज्दात अवस्था समेत एकिन गरी स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा लेखाङ्कन भई प्रतिवेदन हुने व्यवस्था हुनु पर्दछ।

सि.नं.	उपशीर्षकको विवरण	बजेट रु.	यस वर्षको खर्च रु.
१	सामाजिक सुरक्षा तथा संरक्षण	१३०४८५८४०	१२९६४८४०७.६६
२	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	६९०५०००	६५०१३२४
३	विद्यालय शिक्षा क्षेत्र योजना	१९९४०००	९१२०००
	जम्मा	१३९३८४८४०	१३७०६१७३१.६६

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तयारी लगायत कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले समितिको गठन गरेता पनि ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना गर्नेतर्फ पदाधिकारीहरुको ध्यान जानुपर्दछ ।

४ **आवधीक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेट**

पालिकाको पाँच वर्षीय आवधीक योजना २०८०।८१ मा "समृद्ध स्वर्गद्वारी, कृषि, पर्यटन र रोजगारी" दिर्घकालिन सोच समावेश रहेको छ। औद्योगिक विकास तथा व्यवसाय, स्वास्थ्य तथा सरसफाई, शिक्षा, कृषि तथा पशुपन्छी, भौतिक पूर्वाधार, पर्यटन विकास, वनजङ्गल र भू-उपयोग तर्फ आवधिक योजना अवधिमा प्राप्त हुने गुणात्मक लक्ष्य निर्धारण गरी ८ वटा दिर्घकालिन सोच प्राप्तीका आधारहरु तय गरेको देखिन्छ। पालिकाले आवधिक योजनाको दिर्घकालिन सोच प्राप्त गर्न निर्धारण गरेका ८ आधारहरुको गुणात्मक तथा परिमाणात्मक लक्ष्य हासिल हुने गरी वार्षिक नीति तथा कार्यक्रम निर्धारण गरी बजेट तर्जुमा भई सोको प्रगति प्रतिवेदन तयार गरेको देखिएन। पालिकाले आवधिक योजनाको दिर्घकालिन सोच प्राप्त गर्न निर्धारण गरेका ८ आधारहरुको गुणात्मक तथा परिमाणात्मक लक्ष्य हासिल गर्नका लागि बजेटलाई वार्षिक नीति तथा कार्यक्रमसँग सामञ्जस्यता कायम हुने गरी तर्जुमा गर्ने र सो अनुरुपको प्रगति प्रतिवेदन तयार गर्नु पर्दछ।

५ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ (१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन सम्बन्धी व्यवस्था रहेको, दफा ६७ (२) मा उक्त समितीले आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण र विषय क्षेत्रगत कार्यक्रमलाई छलफल गरी दोहोरोपना हुन नदिई योजना तथा कार्यक्रमबीच आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने र बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा आवश्यकता अनुसार अन्य कार्यहरु गर्न सक्ने व्यवस्था छ । पालिकाले उल्लेखित अनुसार समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच आपसी तादाम्यता र परिपूरकता कायम गरेको देखिदैन । बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

६ मध्यकालिन खर्च संरचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषयक्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाइ लागू गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको र दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उल्लेखित अनुसार मध्यकालिन खर्च संरचना तयार गरेको देखिदैन। सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउन, विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय अनुशासन जस्ता पक्षमा सुधार ल्याउन ऐनको व्यवस्था कार्यान्वियन हुनु पर्दछ।

७ बजेट पेश पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेटमा छलफल गरी असार मसान्तभित्र पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उप-प्रमुख श्री मिनराज राना मगरले मिति २०८१।३।१० गते रु. ७५३२९९३१९.०० को बजेट नगरसभा समक्ष पेश गरेकोमा २०८१।०३।२५ मा पारित भएको छ । यसैगरी नगर प्रमुखले मिती २०८१।०३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

८ बजेट अबण्डा र रकमान्तर अवस्था

पालिकाको २०८१।९।२८ को हिउँदे अधिवेशनवाट चालु शीर्षक तर्फ भैपरी आउने बजेट शीर्षकको अवण्डा रु. ४,५१,३८,४७४.०० बजेट समेत निम्नानुसार रकम विभिन्न आयोजनामा रकमान्तर गरेको अवस्था छ। आर्थिक वर्ष २०८१।८२ मा पालिकाको २०८१।९।२८ को हिउँदे अधिवेशनवाट देहायअनुसार रकमान्तर स्वीकृत भएको अवस्था छ। हिउदे अधिवेशनले सुरु बजेटको ११.७४ प्रतिशत रकम रकमान्तर गरी कार्यान्वियन गरेको देखिन्छ।

क्र.सं.	शिर्षक	रकमान्तर गरेको कार्यक्रम		रकमान्तरवाट थप भएको कार्यक्रम		रकमान्तर रकम
		सँख्या	रकम	सँख्या	रकम	रकम
१	चालु	३४	५१२९७७०३	५८	१८४४७३७७	१८४४७३७७
२	पूँजिगत	६८	६८८७५०७८	१२१	६९९५९७८६	६९९५९७८६
	जम्मा	१०२	१२०१७२७८१	१७९	८८४०७१६३	८८४०७१६३

पालिकाले बजेट अधिवेशनमा कार्यक्रम निर्धारण नगरी भैपरी आउने बजेट शीर्षकमा एकमुष्ट बजेट विनियोजन गर्ने कार्यले शुरु बजेट तथा कार्यक्रम निर्धारण गर्दा पर्याप्त अध्ययन नहुनुका साथै पारदर्शिता समेत कायम नभएको अवस्था देखिन्छ। एकमुष्ट रुपमा भैपरी आउने बजेट शीर्षकमा चालु तर्फ बजेट व्यवस्थापन गरी पुनः पुँजिगत तथा चालु प्रकृतिका कार्यक्रम हिउँदे अधिवेशनमा निर्धारण गर्दा योजना कार्यान्वियन प्रभावकारी नहुने देखिएकोले अवण्डा बजेट विनियोजन गर्ने कार्य उपयुक्त देखिएको छैन। बजेट अधिवेशनबाटै पालिकाले प्राप्त गर्ने बजेट अनुसार कार्यक्रम निर्धारण गर्ने र हिउँदे अधिवेशनमा कार्यान्वियन हुन नसक्ने तथा बचत बजेटबाट रकमान्तर गर्ने व्यवस्था गरी वार्षिक कार्यक्रम तथा बजेट निर्धारण गर्ने कार्यमा पारदर्शिता र कार्यान्वियन प्रभावकारीता हासिल गर्नु पर्दछ।

९ **बैक हिसाव मिलान**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

१० **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	**कुल खर्च रु हजारमा**	**त्रैमासिक खर्च**				**आषाढ महिनाकोखर्च**
		प्रथम	**दोस्रो**	**तेश्रो**	**चौथो**	
पूँजीगत खर्चतर्फ	२५६७२४	३७९१९	१२१९८	७१४८४	१३५१२२	६३०८९
प्रतिसत	१००	१४.७७	४.७५	२७.८४	५२.६३	२४.५७

पालिकाले रु. २५ करोड ६७ लाख २४ हजार पूँजिगत खर्च गरेकोमा प्रथम त्रैमासिकमा रु. ३ करोड ७९ लाख १९ हजार (१४.७७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १ करोड २१ लाख ९८ हजार (४.७५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ७ करोड १४ लाख ८४ हजार (२७.८४ प्रतिशत) र चौथो त्रैमासिकमा रु. १३ करोड ५१ लाख २२ हजार (५२.६३ प्रतिशत) खर्च गरेको देखिएको छ । आर्थिक वर्षको अन्तिम महिना आषाढमा मात्र रु. ६ करोड ३० लाख ८९ हजार (२४.५७ प्रतिशत) खर्च देखिनुले अन्तिम त्रैमासिक तथा आषाढमा खर्चको चाप वृद्दि भई खर्च व्यवस्थापन सन्तुलित भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्च सन्तुलन हुने गरी समयमा आयोजना कार्यान्वियन गर्नुपर्दछ ।

११ **क्षेत्रगत बजेट तथा खर्चको स्थिती**

स्थानीय तहको एकीकृत,समानुपातिक र दीगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । पालिकाको आर्थिक वर्ष २०८१।८२ क्षेत्रगत बजेट तथा खर्चको स्थिती निम्नानुसार रहेको छः

क्र.सं.	क्षेत्रगत विवरण	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	६४२९९९१८	५३१६६१३३.००	८२.६८
२	सामाजिक विकास	३८४३६१४००	३४३७१९७९४.३२	८९.४३
३	पूर्वाधार विकास	९६६७६७६०	७७४६३७८९.८५	८०.१३
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१९९०४३८३	१३५९९१००.९३	६८.३१
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१८५०५६८५८	१६६९३६१०९.१८	९०.२१

पालिकाको क्षेत्रगत बजेट तर्फ कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा सवै भन्दा बढी ९०.२१ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी ६८.३१ प्रतिशत रहेको छ । समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट व्यवस्थापन र कार्यान्वियन गर्नु पर्दछ।

१२ आन्तरिक नियन्त्रण व्यवस्था

पालिकाबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षता पूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न स्वर्गद्वारी नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८० तयार गरी लागु गरेको छ। स्वर्गद्वारी नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८० अनुसार पालिका प्रमुखको संयोजकत्वमा ७ सदस्यीय आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समिति रहने र समितिले त्रैमासिक रुपमा तोके अनुसार आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनको अनुगमन गरी सोको प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्ने व्यवस्था रहेको छ। समितिबाट उल्लेखित अनुसार सुधार गर्नु पर्ने सुझाव सहितको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनको त्रैमासिक रुपमा अनुगमन गरेको प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गरेको देखिएन। लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रण प्रणालीमा देखिएका कैफियत व्यहोरा निम्नानुसार रहेका छन्।

खरिद व्यवस्थापनतर्फ

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) तथा सार्वजनिक खरिद ऐन, २०६३ को ७४(३) अनुसार स्थानीय तहले खरिद कारवाही गर्दा लागत अनुमान स्वीकृत गर्ने, बोलपत्र मूल्याङ्कन तथा स्वीकृत गर्ने, सोभै खरिद गर्ने, दफा ४१(२) बमोजिम रहने समिति तथा भेरियशन आदेश जारी गर्ने अधिकारी तोक्ने समेतका विषयमा सार्वजनिक खरिद ऐन, २०६३ को अधिनमा रही स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गर्न सक्ने व्यवस्था रहेकोमा पालिकाले नियमावली तर्जुमा गरेको देखिएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिटी, माटो लगायत र वन जन्य- विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने उल्लेख रहेकोमा कार्यपालिकावाट सडक, भवन लगायत भौतिक निर्माण कार्यको लागि एकरुपता र मितव्ययी हुने नर्म्स स्वीकृति गरी प्रयोग गरेको देखिएन,
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन,
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वियन गर्नुपर्नेमा सो अनुसार पुर्ण रुपमा लागु गरेको देखिएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नु पर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लेखित अनुसार खर्च भएको पुष्ट्याई हुने देखिएन।

शिक्षातर्फ

- पालिका भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार नगरेकोमा अनुगमन सुचक तयार गरी आवश्यक्ता अनुसार अनुगमन गर्ने गरेको देखिन्छ । अनुगमन पश्चात प्रतिवेदन सार्वजनिक गर्नु पर्दछ ।
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वियन कार्यविधि मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई

अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था पूर्ण रुपमा कार्यान्वयन नभएको ।

- शिक्षा नियमावली२०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई पदस्थापना गरेकोमा सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,
- संस्थागत विद्यालयहरूको दर्ता नविकरण शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति वर्गिकरण अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

विविध तर्फ

- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको,
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख राख्नु पर्ने, प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्थाको पालना नगरेको,
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको र इ.टी.डि.एस. गरेको
- विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्वेश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने परिपाटी नरहेको,
- अध्यावधिक म.ले.प. फाराम २०२ र २२३ पुर्ण रुपमा प्रयोग नगरेको,
- सवारी साधन तथा मेशिनरी औजार मर्मत र इन्धन खर्चको अभिलेख PAMS प्रणालीमा अद्यावधिक राख्ने गरेको देखिएन ।

पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई नियमित, मितव्ययी र प्रभावकारी बनाउन उल्लेखित व्यहोरा सुधार हुने गरी स्वर्गद्वारी नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिकाको पूर्ण कार्यान्वयन र अनुगमन हुनु पर्दछ।

१३ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखा परीक्षण गराउनुपर्ने, दफा ७७ (३) अनुसार आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ। यस पालिकाले आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको देखिएन। आन्तरिक लेखापरीक्षकको पदपूर्ति नभएकोले आन्तरिक लेखापरीक्षण हुन नसकेको कार्यालयले जानकारी दिएको छ। कानुनमा तोकिए बमोजिम सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

१४ कानुन निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस पालिकामा हालसम्म ८ वटा ऐन, ७ वटा नियमावली, ५८ कार्यविधि, २ वटा दिग्दर्शन, २ वटा रणनिति, ६ वटा मापदण्ड निर्देशिका लगायत ८३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा रहेको विवरण पेश भएको छ । उल्लेखित कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी पालिकाको वेवसाईटमा प्रकाशन गरेको देखिदैन। स्थानीय तहले निर्माण गरेका कानुन स्थानीय राजपत्रमा प्रकाशन गरी सवैको जानकारीको लागि वेबसाइटमा समेत प्रकाशन गर्नु पर्दछ।

१५ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुंगो लगाउनुपर्ने

व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष ४७ विवाद दर्ता भएकोमा ४३ फस्र्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रकृयालाई ऐनले तोकेको म्याद भित्र फस्र्यौट गर्नुपर्दछ ।

१६ **सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो भौगोलिक क्षेत्र भित्रको सरकारी तथा सार्वजनिक जग्गाहरुको जग्गा धनि दर्ता श्रेस्ताको अभिलेख किताब तयार गरेको विवरण पेश भएन । साथै मातहत र बिषयगत कार्यालयहरु तर्फको नाममा रहेका जग्गाहरु समेत अद्यावधिक गरी लगत किताब PAMS V2 मा समेत अभिलेखीकरण गरेको देखिएन । पालिकाले सार्वजनिक सम्पत्तिको बर्गिकरण संरक्षण र उपयोग गर्ने सम्बन्धमा भू-उपयोग कार्यविधि जारी गरी उक्त मापदण्ड अनुसार भू-उपयोगको कार्य गर्नुपर्दछ । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षणमा ध्यान दिनुपर्दछ। पाम्स अद्यावधिक पश्चात पालिकाबाट प्राप्त विवरण देहाय अनुसार छः

PAMS V2 लागू हुनुपूर्वको सम्पत्तिको लगत		PAMS V2 मा लेखांकन भएको सम्पत्तिको लगत		कैफियत
जम्मा संख्या	रकम	जम्मा संख्या	रकम	
११३०६.६८	५५,००८,३८२.००	११३८७.६८	६३,८६१,५१७.६०	

१७ **बेरुजु लगत**

लेखापरीक्षण तथा बेरुजु व्यवस्थापन सम्वन्धी फारामहरु म. ले. प. फारम ८०१ देखि ८०५ सम्म व्यवस्था गरेको छ। पालिकाले लेखापरीक्षण तथा बेरुजु व्यवस्थापन सम्वन्धी फारामहरु व्यवस्थित गरी अद्यावधिक राखेको छैन। लेखापरीक्षण तथा बेरुजु व्यवस्थापन सम्वन्धी फारामहरु व्यवस्थित र अद्यावधिक राखी बेरुजु लगत तथा सम्परीक्षण कार्य गराउनु पर्दछ।

म. ले. प. फारम ८०१ – बेरुजु लगत

म. ले. प. फारम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन

म. ले. प. फारम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत

म. ले. प. फारम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन

म. ले. प. फारम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख

१८ **करार कर्मचारीको तलब**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। पालिकाले विभिन्न पदमा २८ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.१,३५,६३,४४६.०० खर्च लेखेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३(८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करार बाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद बाहेक दरबन्दी भित्रका रिक्त बिभिन्न पदहरुमा ७ कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रु.३५,९१,३७४.०० भुक्तानी गरेको छ।

१९ **शिक्षक विद्यार्थी अनुपात विवरण**

पालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरु मध्ये विद्यार्थी सँख्या वढी भएको २ र कम भएको २ वटा विद्यालयको विवरण निम्नानुसार रहेको छ। पालिका अन्तर्गतका विद्यालय मध्ये ४ विद्यालयमा विद्यार्थी शिक्षक अनुपात अमर माध्यामिक विद्यालयमा १:२७.४७, बाल माध्यामिक विद्यालयमा १:३९.१५, शूर्य प्रा.वि. सल्लावोटमा १:५ र वालशिक्षा प्रा.वि. वर्तनमा १:१३ रहेको अवस्था छ।

क्र.सं.	विद्यालयको नाम	विद्यार्थी संख्या	शिक्षक दरबन्दी र पदपूर्ति	शिक्षक विद्यार्थी अनुपात
१	अमर मा वि	५७७	२१	१:२७.४७
२	वाल मा वि	५०९	१३	१:३९.१५
३	शूर्य प्रा वि सल्लावोट	५	१	१:५
४	वालशिक्षा प्रा वि वर्तन	१३	१	१:१३

२० **नमुना/विशेष विद्यालय**

नमुना विद्यालयको रुपमा २०७७ मा छनौट भएको अमर माध्यामिक विद्यालयमा पालिकाले नमुना विद्यालयको विकासको लागि २०७८।७९ देखि २०८१।८२ सम्म रु.५,५४,१२,०२२.५६ अनुदान उपलव्ध गराएको विवरण पेश भएको अवस्था छ। शैक्षिक सत्र २०७७ मा बालविकास देखि कक्षा १२ सम्म ९३० जना विद्यार्थी रहेकोमा शैक्षिक सत्र २०८१ मा ५७५ जना विद्यार्थी रहेको विवरण पेश भएको छ। आधार वर्षको तुलनामा शैक्षिक वर्ष २०८१ मा कक्षा दोहोर्‍याउने दर कक्षा १ देखि ५ सम्म १४.७७ बाट २१.७०, कक्षा ६ देखि ८ सम्म १४.३४ बाट ५४.९० र कक्षा ९ र १० मा २०.५७ बाट ४०.३८ पुगेको अवस्था रहेको छ। त्यस्तै प्राप्त विवरण अनुसार नमुना विद्यालय छनौट भए पश्चात २० वटा कक्षाकोठा थप भएको, कक्षाकोठा मर्मत नभएको, पुस्तकालय, फर्निचर, खेलमैदान, घेरावार लगायत स्तरोन्नती तथा निर्माण भएको उल्लेख छ। पालिकाले नमुना विद्यालय छनौट गर्दा पेश भएको प्रस्ताव अनुसार विद्यालयको शैक्षिक गुणस्तर सुधार हुने गरी सोको कार्यान्वियन सुनिश्चितता गर्नु पर्दछ।

क्र.सं.	कक्षा	विद्यार्थी सँख्या		शिक्षक सँख्या	
		२०७७	**२०८१**	**२०७७**	**२०८१**
१	बाल विकास केन्द्र	२०	११	१	१
२	कक्षा (१-५)	-	६९	९	९
३	कक्षा (६-८)	-	२११	४	५
	कक्षा (१-८)	३४२	-		
४	कक्षा (९-१०)	१९२	११३	७	७
५	कक्षा (११-१२)	३७६	१७१	४	७
	जम्मा	**९३०**	**५७५**	**२५**	**२९**

२१ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका(दोस्रो संशोधन २०७८।९।३०), २०७५ को बुँदा नं. ३ अनुसार सवैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउने दीर्घकालिन सोच प्राप्त गर्नको लागि १८ वर्ष देखि ५९ वर्षको उमेर समुहका वेरोजगार व्यक्तिलाई लक्षित गरी आन्तरिक रोजगारीका अवसरमा वृद्धि र सामाजिक संरक्षणको प्रवर्द्धन गर्ने लक्ष्य प्राप्त गर्न ५ उद्देश्य प्राप्त गर्न ५ रणनीति र ४ वटा क्षेत्र निर्धारण गरेको छ। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सडक, खानेपानी, सिँचाई लगायत पुर्वाधार निर्माण, मर्मत तथा सम्भार लगायतका १५ योजना सञ्चालन गरी ७१ जनालाई रोजगारी उपलव्ध गराई ज्यालामा रु. ३३ लाख ७हजार खर्च गरेको छ। पालिकाले उल्लेखित आयोजना सञ्चालन गर्दा लक्षित वर्गको लागि अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिदैन। निर्देशिका अनुसारको सोच प्राप्तिको लागि दिर्घकालिन रुपमा रोजगारी सृजना हुने कार्यक्रम सञ्चालन हुनु पर्दछ।

क्र.सं.	आयोजनाको नाम	कुल लागत रु.	ज्याला खर्च रु.
१	घुस्टुङ डाँडाटोल पुरानो टोल हुदै ढिक जाने बाटो	१३३६००	१३३६००
२	ओरला सिंचाई पोखरी निर्माण	४६४३३०	२३३८००
३	खन्नेखोला सिमलखर्क गोरेटो बाटो निर्माण	१००२००	१००२००
४	टाकुरा सिद्दथान पक्की गोरेटो बाटो निर्माण	३२४०११	६६८००
५	तल्लाफाँट नाला व्यवस्थापन आयोजना	३९४८५५	१६७२००
६	छेडा पोखरी देखि ओधार्ने हुदै जोगीमारा जोड्ने गोरेटो	२००४००	२००४००
७	कोट दोमे गोरेटोबाटो निर्माण आयोजना	२००४००	२००४००
८	बाँगेसल्ला रतनखण्ड हुदै हाम्जा जोड्ने गोरेटो बाटो	२३३८००	२३३८००
९	हिरुङ्खोसला छापधारा गोरेटो बाटो तथा सिंचाई कुलो निर्माण	८६८४००	८६८४००
१०	वडा भित्रका सबै पुराना पोखरी निर्माण	१००२००	१००२००
११	जरुवाखेत टाकुरा जाने गोरेटोबाटो निर्माण	२८३६००	२८३६००
१२	मोटर पक्की बाटो निर्माण	२८३६००	२८३६००
१३	दावाङ पिपल केन्द्रमा मन्दिर तथा चौतारी निर्माण	७९०९५८	३३४०००
१४	कुशुण्डे गकरौली देखि विद्यालयसम्म जोड्ने गोरेटो बाटो निर्माण	२५७२००	२६७२००
१५	ने रा मा वि भलाई डांडा देखि कक्रिवाङ जोड्ने गोरेटो बाटो	१३३६००	१३३६००
	जम्मा रु	**४७६९१५४**	**३३०६८००**

२२ विद्यालय भवन निर्माण

कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को बुँदा नं. २.३.१७ को क्रियाकलाप नं. १८.२ अनुसार विद्यालय भौतिक पूर्वाधार निर्माण सम्वन्धी मापदण्ड, २०८० को दफा ६(२)(क) अनुसार तोकेका प्राथमिकताका आधारमा विद्यालयको भौतिक सर्वेक्षण गराई प्रतिवेदन तयारी गरी विद्यालयसँग सम्झौता गरी अनुदान उपलव्ध गराउन सक्ने व्यवस्था रहेको छ। पालिकाले संघीय सशर्त अनुदान तर्फ स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण तर्फ विनियोजन भएको रु. १ करोड ८० लाख मध्ये कार्यपालिकाको वैठक संख्या ६१ मिति २०८१।९।९ को निर्णयानुसार निम्नानुसार तिन विद्यालयको एकतले चार कोठे विद्यालय भवन निर्माण गर्न बोलपत्रको माध्यमबाट निम्नानुसार खर्च गरेकोमा कार्यविधिमा तोके अनुसार विद्यालयवाट भौतिक सर्वेक्षण प्रतिवेदन तयार गरेको देखिएन। कार्यविधिमा तोके अनुसार विद्यालयको भौतिक सर्वेक्षण गरि सोहि आधारमा विद्यालय छनौट गरी गुणस्तरीय रुपमा विद्यालय भवन निर्माण गर्नु पर्दछ।

क्र.सं.	विद्यालयको नाम	बजेट	लागत अनुमान	सम्झौता	यस वर्षको खर्च
१	बालसंस्कृत मा.वि., धरमपानी, स्व.न.पा. २	६० लाख	५८२५९७८	५३१७१६०	५१५३७८५
२	नेरा मा.वि., कोचिबाङ्, स्व.न.पा. १	६० लाख	५८२५२७६	५७०५०००	५२२७७४६
३	उमामहेश्वरी मा.वि., सारी, स्व.न.पा. ५	६० लाख	५०८८३६५	४५४९४५५	४५०२९७८

२३ आर्थिक सहायता

पालिकाले आफ्नो क्षेत्रभित्रका गरिब, असहाय, विपन्न वर्गलाई सहायता वितरण सम्बन्धमा नगरपालिकाले आर्थिक सहायता मापदण्ड सम्बन्धि कार्यबिधि, २०८० तयार गरेको छ । पालिकाले विपन्न नागरिक तथा संघ संस्थालाई आर्थिक सहायता वितरणमा वर्षभरी

रु.९६१९१५।०० विनियोजन गरी खर्च गरेको छ ।यसरी आर्थिक साहयता वितरण गर्दा वास्तविक गरिब तथा विपन्न वर्गको पहिचान गरेरमात्र यस प्रकारको सहायता उपलब्ध गराउने तथा आर्थिक सहायता प्राप्त गर्ने व्यक्ति र संघ सस्थाको नामनामेशी समेत सार्वजनिकरण गर्नुपर्दछ । यसरी सहयाता वितरण गर्दा आफ्नो आन्तरिक आय समेत मध्यनजर गरी विकास निर्माण तथा उत्पादनमुलक कार्यका लागि रकम आभाव नहुने गरी आर्थिक सहायता वितरण हुनु पर्दछ ।

२४ झोलुङ्गे पुल

लुम्विनी प्रदेश सरकारको झोलुङ्गे पुल रणनीति, २०८० अनुसार आवश्यक र सम्भाव्य स्थानमा झोलुङ्गे पुलको निर्माण गर्ने, निर्माण सम्पन्न भइसकेका झोलुङ्गे पुलहरुको मर्मत सम्भार गरी आधारभूत स्तररको यातायात उपलव्ध गराउने तथा झोलुङ्गे पुल कार्यक्रम कार्यान्वियनमा स्थानीय तहलाई सहयोग र समन्वय गर्ने रणनीति रहेको छ। उक्त रणनीति कार्यान्वियन गर्न स्थानीय जनतालाई नदी, खोला तथा खोल्सा तर्न आधा घण्टा भन्दा वढीको फेरो लगाउन नपर्ने गरी आवश्यक र संभाव्य सवै स्थानहरुमा झोलुङ्गे पुलहरु निर्माण गर्ने कार्य ५ वर्ष भित्र सम्पन्न गर्ने, निर्माण सम्पन्न झोलुङ्गे पुलको सूचना प्रणाली व्यवस्थित गरी दीगो रुपमा सञ्चालन गर्न नियमित तथा बृहत मर्मतको लागि स्थानीय तहसँग आवश्यक सहकार्य र समन्वय गर्ने कार्यनीति अवलम्वन गर्ने उल्लेख छ। पालिकाको क्षेत्रमा सम्पन्न भएका झोलुङ्गे पुलको अवस्थितिको सुचना प्रणालि नरहेको, आर्थिक वर्ष २०८१।८२ मा प्रदेश सरकारवाट निर्माण तथा मर्मत अनुदान प्राप्त नगरेको र संघीय सरकारवाट प्राप्त रु १० लाख समेत उपयोग गरेको देखिदैन। स्थानीय जनतालाई सुविधा हुने सुनिश्चिताको लागि रणनीति अनुसार झोलुङ्गे पुल निर्माण तथा मर्मत गर्न पालिकाले बजेट व्यवस्थापन गर्ने वा संघ तथा प्रदेशवाट अनुदान प्राप्त गरी सोको सहि परिचालन गर्नु पर्दछ।

२५ सुरक्षित नागरिक आवास कार्यक्रम

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५(२०७७।१।८ को संशोधन समेत) को दफा ४ अनुसार छनौट भएका लाभग्राहीलाई दफा ५ अनुसार जस्तापाता र काठ लगायतको सामाग्री खरिद गर्न पहिलो किस्ता ६० प्रतिशत र स्थानीयत तहको प्राविधिकवाट निर्माण कार्यसम्पन्न भएको आधारमा ४० प्रतिशत दोस्रो तथा अन्तिम किस्ता उपलव्ध गराउन सक्ने व्यवस्था रहेको छ । संघीय सरकार हस्तान्तरण तर्फ सुरक्षित नागरिक आवास कार्यक्रममा रु. १ करोड १४ लाख बजेट विनियोजन भएकोमा २०८२।३।२५ सम्म निकासा भइ रु. ९८,००,०९४।०० खर्च भएको देखियो । पालिकाले निम्नानुसार ३ आर्थिक वर्षमा ३०२ जना लाभग्राहीसँग सम्झौता गरी पहिलो किस्ता रु.१,३५,९०,०००.०० पेश्की भुक्तानी गरेको मध्ये निर्माण कार्य सम्पन्न गरेको आधारमा १९५ जनालाई दोस्रो तथा अन्तिम किस्ता रु.५१,११,१७६.०० समेत रु.१,७९,९६,१७६.०० भुक्तानी गरेको देखियो। लाभग्राहीले पहिलो किस्ता पेश्की प्राप्त गरी निर्माण कार्य सम्पन्न गरी दोस्रो किस्ता लिन नआउने ४२ लाभग्राहीको पहिलो किस्ता रु.१८९००००.०० को उपयोग अवस्था सम्बन्धमा अनुगमन गरी निर्माण कार्य सम्पन्न गराई फस्यौंट वा असुल गर्नु पर्दछ।

आर्थिक वर्ष	छनौट	सम्झौता सँख्या	पहिलो किस्ता		जम्मा	दोस्रो किस्ता		जम्मा	कुल
			रकम	सँख्या		रकम	सँख्या		
२०७७।७८	४७	४७	३००००	४७	१४१००००	२००००	४७	९४००००	२३५००००
२०७९।८०	१०७	९४	४५०००	९१	४०९५०००	२६१०४	६९	१८०११७६	५८९६१७६
२०८१।८२	२१२	१६१	४५०००	१६४	७३८००००	३००००	७९	२३७००००	९७५००००
जम्मा	**३६६**	**३०२**	**४५०००**	**३०२**	**१३५९००००**	**३००००**	**१९५**	**५१११९७६**	**१७९९६१७६**

(..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(विस्तृत विवरण बेरूजु दफा २५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

पेश्की	१८,९०,०००

२६ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने र निर्माण व्यवसायीसँग भएको सम्झौताको विशेष शर्तको बुँदा नं. ५७.३ मा ३० प्रतिशत रनिङ्ग विल पेश भए पश्चात सम्झौताको ८० प्रतिशत भुक्तानी वा निर्माण अवधि सम्पन्न हुनु अगावै कट्टी गर्नु पर्ने व्यवस्था समावेश छ । बहुबर्षिय आयोजना तर्फ पालिकाले सम्झौता अनुसार निर्माण व्यवसायिसँग कारोवार गरिएको अभिलेख राख्न अनिवार्य रुपमा प्रयोग गर्नु पर्ने म.ले.प. फारम ५०६ ठेक्कागत अभिलेख/खाता नराखेकोले रनिङ्ग विल भुक्तानीमा सम्झौता अनुसार कट्टी भएको पेश्की सम्वन्धमा एकिन हुने अवस्था रहेको देखिएन। पालिकाले सम्झौता अनुसार पेश्की कट्टा गरेको खुल्ने गरी निर्माण व्यवसायिसँग कारोवार गरिएको अभिलेख गर्नको लागि अनिवार्य रुपमा प्रयोग गर्नु पर्ने म.ले.प. फारम ५०६ ठेक्कागत अभिलेख/खाता राखी नियम तथा सम्झौता अनुसार निर्माण तथा व्यक्तिगत पेश्की फस्यौंट गर्नु पर्दछ। आर्थिक वर्ष २०८१।८२ को अन्त्यसम्म निम्नानुसार रु.८००४०४३ म्याद नाघेको र रु. ४७५४९००० म्याद भएको समेत फस्यौंट गर्न बाँकी पेश्की रु. ८००४०४३ रहेको छ। पालिकाले नियम तथा सम्झौता अनुसार पेश्की फस्यौंट गर्नु पर्दछ।

क्र.सं	फर्म/व्यक्ती	प्रयोजन	म्याद ननाघेको	म्याद नाघेको
१	जलजला/स्वर्गद्वारी जे.भी.	देउराली सालवांग थापाखार्क निन्लाछहरेखोला लिफ्ट खानेपानी आयोजना स्व.न.पा.-६	५३१७०००	
२	शर्मा/जगन्नाथ/पदमा जे.भी.	बाझिपुर लिफ्ट सिचाई आयोजना स्व.न.पा-४	१८०००००	
३	शिवालय बिल्डर्स प्रा.लि.	पालिका अन्तरगत निर्माणाधिन १५ शैय्या आधारभूत अस्पतालको मोबिलाईजेसन तथा श्रृजित दायित्व भुक्तानी	४०३१४०००	
४	काया इन्फ्रास्ट्रक्चर प्रा.लि.	ताप केप मोटरबाटो मोडसुधार, स्वर्गद्वारी न.पा. ६,७, प्यूठान	११८०००	
५	नेपाल विद्युत प्राधिकरण	सडक बत्ती जडान कार्यक्रम विद्युत प्राधिकरणसँग साझेदारीमा		७९२४०४३
	जम्मा		**४७५४९०००**	७९२४०४३

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	७९,२४,०४३

२७ **राजश्व अनुमान तथा प्राप्ति**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना विज्ञापन कर, दहत्तर बहत्तर, बहाल विरौटी लगायत राजस्व उठ्न छुट भए वा नभएको, राजस्वको लेखा र दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अध्यावधिक गर्न लगाउनु पर्ने व्यवस्था छ । पालिकाको राजश्व अनुमान तथा प्राप्तिको अवस्था निम्नानुसार रहेकोमा नियमावलीमा व्यवस्था भए अनुसार पालिकाले मासिक रुपमा प्रदान गर्ने सेवा प्रवाहको अभिलेख र राजश्व प्राप्तिको विवरण भिडान गरी सो अनुसारको राजश्व समयमा बैंक दाखिला भएको सुनिश्चित हुने गरी मासिक रुपमा निरीक्षण गरेको देखिदैन। नियममा भएको व्यवस्थाको पालना हुने गरी कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको, राजस्वको लेखा र दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अध्यावधिक गर्नु गराउनु पर्दछ।

सि.नं.	राजश्वको नाम	२०७९।८० को प्राप्ति	२०८०।८१ को प्राप्ति	२०८१।८२ को अनुमान	२०८१।८२ को प्राप्ति
१	व्यवसाय कर	१०२१०४०.००	२५७१०९२.५०	२२०००००.००	२५७३२७०.००
२	सम्पत्ति कर	३६७६१७८.३३	५३०१२०८.४६	५००००००.००	५७२७०६९.८१
३	अन्य कर	९६१९१२.०६	८०३३७७.३९	११०००००.००	९३८८०६.१०
४	घर।जग्गा बहाल कर	७७७४१५.९१	८२३०५८.१५	११०००००.००	९५४७०१.७५
५	सरकारी सम्पतीको बहालबाट प्राप्त आय	०.००	०.००	०.००	४५००.००
६	टेण्डर फर्म तथा अन्य प्रशासनिक सेवा शुल्क	३१५०००.००	२६९००१.००	२२००००.००	२७३०००.००
७	डण्ड तथा जरिवाना	२९४५६५.४३	१७५२४५.९८	२०००००.००	४२०५६.००
८	नक्सापास दस्तुर	६४७८८.०४	११०९७३.०६	५०००००.००	९४६५४०.४४
९	न्यायिक दस्तुर	१०८००.००	१६८००.००	११०००.००	१३२१५.००
१०	नाता प्रमाणित दस्तुर	६६९५०.००	१५०२००.००	१२००००.००	१६००००.००
११	शिक्षा क्षेत्रको आम्दानी	०.००	०.००	११०००.००	१०५०.००
१२	परीक्षा शुल्क	२६०३५०.००	३६८००.००	१०००००.००	२७९००.००
१३	बहाल बिरौटी कर	२८६०९०.६०	५११५३०.००	११०००००.००	४६४१४०.००
१४	व्यक्तिगत घटना दस्तुर	४६९८५०.००	५७१२००.००	६०००००.००	५७२६००.००
१५	सिफारिस दस्तुर	२१७०५८९.००	२४७०४३०.००	२७०००००.००	२२२९५००.००
१६	प्रदुषण नियन्त्रण शुल्क	०.००	४२४३००.००	३०००००.००	५१६३२६.००
१७	बेरुजु	०.००	५१९९४४.००	०.००	१५६७४८.००
१८	पार्किङ शुल्क	०.००	१५५७०५.००	१५००००.००	३००२००.००
१९	मालपोत (घर जग्गा रजिष्ट्रेसन बापत)	३०८५४१३.००	४७२५६७२.००	४००००००.००	३७३५८६२.८०
२०	सवारी साधन कर	०.००	०.००	०.००	१२५०००.००
२१	कवाडी	७५५०००.००	२५०१००.००	४०००००.००	६१००००.००
२२	बिज्ञापन कर	४००००.००	०.००	८००००.००	०.००
२३	गिट्टी बालुवा	४५७६५३१.९४	३८४०६००.००	३५०००००.००	६३१९१९९.८८
	जम्मा	१८८३२४७४.३१	२३७२७२३७.५४	२३३९२०००.००	२६६९१६८५.७८

२७.१ **बहाल बिरौटी कर**

नगर कार्यपालिकाको २०८१।५।२४ को ५५ औँ बैंठकको प्रस्ताव नं. ६ को निर्णयानुसार पालिका क्षेत्रभित्र रहेका सार्वजनिक एवं सरकारी जग्गाहरुमा भवन, टहरा वा घरहरु निर्माण गरी व्यापार व्यावसाय सञ्चालन तथा बसोवास गरिरहेका नागरिकहरुको हालसम्म लाग्ने बहाल विरौटी कर संकलन गर्ने प्रयोजनार्थ पालिका क्षेत्राधिकार भित्र रहेका बास्तविक सार्वजनिक एवं सरकारी जग्गाहरुमा भवन, टहरा वा घरहरु निर्माण भए नभएको र भएको भए के कस्तो अवस्थामा रहेका छन अध्ययन गर्न छानविन समिति गठन गरेको देखियो। उक्त छानविन समितिले सार्वजनिक एवं सरकारी जग्गाहरुमा निर्माण भएका संरचनाभित्र सार्वजनिक तथा सरकारी जग्गामा निर्माण भएका भवन, टहरा तथा घरहरुको अध्ययन प्रतिवेदन २०८१।८।२५ मा जारी भएको छ।प्रतिवेदन अनुसार स्वर्गद्वारी नगरपालिकाको

आर्थिक ऐन बमोजिम व्यापारिक प्रयोजनको लागि प्रयोग भएका संरचनाको बक्यौता रकम रु. ५०,०६,७६३.०० र आवासीय प्रयोजनको लागि प्रयोग भएका संरचनाको बक्यौता रकम रु. ३२,१८,२२८.०० समेत रु. ८२,२४,९९१.०० नगरपालिकाले प्राप्त गर्न बाँकी रहेको उल्लेख छ। राजश्व परामर्श समितिको २०८२।२।२६ को वैठकको ३ नं. बुँदाको निर्णयानुसार ९० प्रतिशत छुट सहित २०८२ कात्तिक मसान्तसम्म दिने गरी सिफारिस भए अनुसार कार्यपालिकाको वैठक संख्या नं. ७३ मिति २०८२।३।८ अनुसार सर्वसहमतिले पास गरी १७ औँ नगरसभामा प्रस्तुत भइ अनुमोदन गरेको अवस्था रहेको छ। पालिकाको क्षेत्राधिकार भित्रको सार्वजनिक जग्गाको उपयोग भइ सम्झौता अनुसार बहाल विरौटी कर संकलन हुनु पर्दछ।

२७.२ आय ठेक्का व्यवस्थापन

लुम्विनी प्रदेशले तयार गरेको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि,२०७५ को वुँदा नं. ७ अनुसार सुचना प्रकाशन गरी बुँदा नं. २(ट)बमोजिमको व्यवसायीसँग बुँदा नं. ९ को अधिनमा रही सम्झौता, कार्यादेश र वनक्षेत्रको प्रवेश इजाजत दिनु पर्ने व्यवस्था छ। पालिकाले २०८१।४।७ मा २०८१।५।४ भित्र बोलपत्र पेश गर्ने गरी नदीजन्य पदार्थ उत्खनन तथा विक्रीको लागि सुचना प्रकाशन गरी बोलपत्र प्रकृयामा सहभागी ३ मध्ये अधिकतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही श्री भरत श्रेष्ठ, स्वर्गद्वारी नगरपालिका ४, भिंग्री, प्यूठानको बोलपत्र स्वीकृत भई मूल्य अभिवृद्धि कर वाहेकको रकममा ५ प्रतिशत छुट सहित रु. ६३,१९,११९.८८ बराबरको आय पालिकाले एकमुष्ट प्राप्त गरेको देखियो। लुम्विनी प्रदेशले तयार गरेको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि,२०७५ को अधिनमा रही आय ठेक्का व्यवस्थापन गर्नु पर्दछ।

२७.३ नदीजन्य पदार्थ उत्खनन

लुम्विनी प्रदेश नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को वुँदा नं. १० मा संकलन भण्डारण र घाटगद्दी सम्वन्धी व्यवस्था रहेको छ। पालिका र सम्झौताकर्ताबिच भएको नदीजन्य पदार्थ उत्खनन तथा विक्री सम्झौतामा रसिद प्रमाणित गराई उपलव्ध गराई प्रयोग गर्ने, राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्ने, संकलन गर्ने कर्मचारीले परिचयपत्र लगाउनुपर्ने, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०७९ मा घाटगद्धि स्थल नतोकिएको स्थानवाट नदीजन्य पदार्थ संकलन तथा उत्खनन गर्न नपाउने तथा तिन-तिन महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले रसिद जारी गरेकोमा सम्झौताकर्ताको विवरण तथा ठेक्का नं. उल्लेख नगरेको, रसिद काटेको विवरण अद्यावधिक नगरेको लगायत सम्झौतामा समावेश भएका बेहोरा कार्यान्वियन भएको खुल्ने प्रमाण अद्यावधिक राखेको पाइएन। प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन र ठेक्का सम्झौता उल्लेख भएको नदीजन्य पदार्थको परिमाण भन्दा वढी उत्खनन नभएको सुनिश्चितता तथा प्रभावकारी घाटगद्दि व्यवस्थापनको लागि सम्झौतामा समावेश शर्तको प्रभावकारी कार्यान्वियन हुने गरी अनुगमन व्यवस्था हुनु पर्दछ।

२७.४ दहत्तर वहत्तर आम्दानी

पालिकाको क्षेत्राधिकार भित्र पर्ने माण्डवी खोलाको नदीजन्य पदार्थ उत्खनन तथा विक्रीको लागि पालिकाले गरेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार पालिकाको क्षेत्राधिकारभित्र नदी वहने १० घाटबाट दैनिक १४४.३२ घन मिटरको दरले २७० दिनमा ३०,८६६.९९ घन मिटर ढुङ्गा, गिटी तथा वालुवा गरी ३ प्रकारको नदीजन्य पदार्थ उत्खन्न गर्न सकिने र लुम्विनी प्रदेशको आर्थिक ऐन अनुसार ढुङ्गा, गिटी तथा वालुवा प्रति घन फुट रु.६ को दरले मूल्य अभिवृद्धि कर समेत रु. ७३,९१,७०५.७५ हुने उल्लेख छ। कार्यपालिकाको वैठक संख्या नं. ५३ मिति २०८१।३।३० निर्णय नं. २ अनुसार पालिकाले २५,२८७.३९७ घनमिटर नदीजन्य पदार्थको मूल्य अभिवृद्धि कर समेत रु.६०,५०,०००.०० न्यूनतम आय अनुमान गरी सम्झौता अघि नै ठेक्का सम्झौता रकम दाखिला गरेमा ५ प्रतिशत छुट लगायत व्यवस्था समावेश गरी २०८१।४।७ मा २०८१।५।४ भित्र बोलपत्र पेश गर्ने गरी नदीजन्य पदार्थ उत्खनन तथा विक्रीको लागि सुचना प्रकाशन गरेकोमा अधिकतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही श्री भरत श्रेष्ठ, स्वर्गद्वारी नगरपालिका ४, भिंग्री, प्यूठानको बोलपत्र स्वीकृत भई मूल्य अभिवृद्धि कर बाहेकको रकममा ५ प्रतिशत छुट सहित रु.६३,१९,११९.८८ पालिकाले एकमुष्ट प्राप्त गरेको देखियो। कार्यपालिकाले पर्याप्त प्राविधिक पुष्ट्याई र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनको पुरक अध्ययन वेगर नै नदिजन्य पदार्थ उत्खन्नको परिमाण घटाएको कारण रु.१३,४१,७०५.७५ घटी आय अनुमान भएको र बोलपत्र

आह्वान गरी सम्झौता भएको रकमसँग तुलना गर्दा रु.१०,७२,५८५.८७ न्युन आम्दानी प्राप्त गरेको देखिएको छ। कार्यपालिकाले पर्याप्त आधार र पुष्ट्याई तथा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनको पुरक अध्ययन प्रतिवेदन समावेश गरेर मात्रै प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनको परीमाण घटाउने अथवा बढाउने कार्य गरी नदीजन्य पदार्थबाट आम्दानी प्राप्त गर्नु पर्दछ। पालिकाको क्षेत्राधिकारभित्र तथा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) नभएका घाटबाट प्रयोग गर्ने गरी संघ, प्रदेश र पालिकाले सञ्चालन गर्ने गरेका पुर्वाधार निर्माणमा प्रयोग हुने ढुंगा, गिटी तथा वालुवा जस्ता नदीजन्य पदार्थको परिमाण सम्वन्धमा समेत एकिन गरी राजश्व प्राप्त गर्नु पर्दछ। कार्यपालिकाले पर्याप्त प्राविधिक पुष्ट्याई र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनको पुरक अध्ययन वेगर नै नदीजन्य पदार्थ उत्खन्नको परिमाण घटाएको कारण रु.१३,४१,७०५.७५ घटी आय अनुमान भएको र बोलपत्र आह्वान गरी सम्झौता भएको रकमसँग तुलना गर्दा रु.१०,७२,५८५.८७ न्यून आम्दानी प्राप्त गरेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१०,७२,५८५.८७

२८ योजना कार्यान्वियन अवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । त्यस्तै स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८१।८२ मा रु. २० लाख भन्दा माथी ११, रु. ५ लाख देखि २० लाख सम्म १५ र रु. ५ लाख भन्दा कम बजेट भएका २२६ समेत कुल २५२ योजना छनौट भई कार्यान्वियन भएको देखियो। योजना छनौट गर्दा दिर्घकालीन उपलब्धि हासिल हुनेगरी गर्नुपर्दछ।

सि.नं.	कार्यक्रमको नाम	योजना संख्या	रु. २० लाख माथिका योजना संख्या	रु. ५ लाख देखि २० लाख सम्मका योजना संख्या	रु. ५ लाख भन्दा कमका योजना संख्या	कार्यन्वयन भएका योजना संख्या	कार्यन्वयन नभएका योजना संख्या
१	पालिकास्तरीय	३५	१४	१५	६	३५	०
२	वडा स्तरीय	१३१	०	२	१२९	१३१	०
	जम्मा	**१६६**	**१४**	**१७**	**१३५**	**१६६**	**०**

२९ योजना हस्तान्तरण

उपभोक्ता समितिहरु मार्फत संचालित योजनाहरुको नियमित रेखदेख र मर्मत सम्भार उपभोक्ता समिति स्वय आफैले गर्ने गरी हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ । चालु आर्थिक वर्षमा संचालित सम्पन्न योजनाहरुको सम्बन्धित उपभोक्ता समितिहरुलाई हस्तान्तरण गरेको छैन । उपभोक्ता समिति मार्फत निर्माण भएको योजनाहरुको हस्तान्तरण नगर्दा निर्मित योजनाहरुको मर्मत सम्भार र नियमित संचालनमा अनिश्चतता देखियो । पालिकाले निर्माण सम्पन्न भएको योजनाहरु समयमै हस्तान्तरण गरी उपभोक्ता समितिलाई जिम्मेवार बनाउनु पर्दछ ।

३० धार्मिक पर्यटन पुर्वाधार

पालिका र काया इन्फ्रास्ट्रकचर प्रा.ली., स्व.न.पा. ७ विच धर्मशाला निर्माण तर्फ भुई तलाको पिल्लरसम्मको कार्य गर्न लागत अनुमान रु. ४३,६९,५७८.०० तयार गरी २०८१।१२।१२ मा सम्झौता भई रु. ३५,९१,३९५.१३ खर्च भएको छ। पालिकाले स्वर्गद्धारी धार्मिक क्षेत्रमा पुर्वाधार निर्माण गर्न यस वर्ष सालवसाली बजेट अनुसारको कार्य हुने गरी लागत अनुमान तयार गरी कार्यक्रम कार्यान्वियन गरेको देखियो। स्वर्गद्धारी धार्मिक क्षेत्रमा संघ, प्रदेश तथा पालिकावाट पुर्वाधार निर्माण कार्य भएको तर एकिकृत रुपमा धार्मिक पर्यटन पुर्वाधार सम्बन्धमा गूरु योजना तयार भएको देखिदैन। सम्बन्धित सरोकारवाला निकायले व्यवस्थित, मितव्ययी, उपयोगी र दिगो रुपमा

आयोजनाको व्यवस्थापन हुने सुनिश्चितताको लागि आर्थिक, सामाजिक तथा पर्यावरणीय अवस्थितीको आधारमा विस्तृत गूरु योजना तयार गरी धार्मिक पर्यटन पुर्वाधार विकास तथा निर्माण हुनु पर्दछ।

स्वर्गद्धारी धार्मिक क्षेत्रको गुगल अर्थवाट लिइएको फोटो र सोको अवस्था

पालिकाले निर्माण गरिरहेको धर्मशाला

३१ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १८० ।२०७६। ५।१८ को परिपत्र (तलबी प्रतिवेदन सम्बन्धमा) को बुँदा नम्वर ४ मा स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाटहस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ५३कर्मचारीको रु.३८०६१,९२१।०० र पालिकाका २९ कर्मचारीको २०४५१३८३।०० समेत रु.५,८५,१३,३०४।०० खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगर्दा खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नयाँ दरवन्दी संरचना कायम गरेको छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४७ दरबन्दी स्वीकृत रहेकोमा प्रमुख प्रशाकीय अधिकृत सहित २६ जना स्थायी पदपूर्ति र बाँकि २१ जना करारबाट पदपूर्ती गरेको विवरण पेश भएको छ।जस मध्ये शिक्षा अधिकृत ९/१० तह-१, सि डि ई ९/१०-१, अधिकृत प्रशासन ७/८-१, लेखा अधिकृत ७/८-१, अधिकृत प्रशासन-२, आ.ले.प.अधिकृत-१, प्रशासन सहायक पाचौं- ४, अमिन-१, सहायक प्रशासन चौथौ-२, सव ईन्जिनियर-३, अ.स.ई.-३, लगायतका २१ पद रिक्त रहेकोमा उक्त पदहरु करारबाट नियुक्त गरेको छ। दरबन्दी

बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्न सक्ने भएकोले रिक्त पदहरु समयमै स्थायी पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

३३ **सञ्चालन खर्च व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्वीकृत भएको बजेट दफा ७३(६) अनुसार प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। कार्यालयले निम्नानुसार खर्च शीर्षकमा भएको आर्थिक वर्ष २०७९।८० देखि २०८१।८२ सम्मको खर्चको अवस्था निम्नानुसार रहेको छ।

क्र.सं.	खर्च शीर्षक र आर्थिक वर्ष	२०७९।८०	२०८०।८१	२०८१।८२
१	अनुगमन मुल्याङ्कन तथाभ्रमण खर्च	३७७०२३०	१४९८४०६.२६	२२४२३२६
२	फिल्ड भत्ता	५८६४५०	६८४५००	७९५४३६
३	अतिरिक्त समयकामकाज प्रोत्साहन भत्ता	२५७६८६		३८१३००
४	बैठक भत्तापदाधिकारी तथा कर्मचारी	१३६७२३७.७	१७६८१५५	१४२८३८०
६	मसलन्द तथा कार्यालय सामाग्री	३३०८९६३.२५	२४५२५६९	२३१७२३७.८५
७	इन्धन (कार्यालय प्रयोजन)	२८९८०१५.३	२३४७२१८.८३	२४८३६१४.६४
८	विविध खर्च- अतिथिसत्कार समेत	४५८५७६६	१८७९०६४	२०२१६४४.४५
	जम्मा	१६७७४३४८.३	१०६२९९१३	११६६९९३९

१. स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन,२०७७ को दफा १५ मा पदाधिकारी तथा सदस्यले यस ऐन बमोजिम प्राप्त गरेका सुविधाहरुको विवरण तीन-तीन महिनामा सम्बन्धित स्थानीय तहले सार्बजनिक गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले ऐनमा भएको व्यवस्था कार्यान्वियन गरेको नदेखिएकोले कानूनको पालना गर्नु पर्दछ।

२. पालिकाको अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्च पछिल्लो आर्थिक वर्षमा घट्दो क्रममा रही आर्थिक वर्ष २०८१।८२ मा रु.२२,४२,३२६.०० रहेको छ। भ्रमण खर्च नियमावली,२०६४ अनुसार भ्रमण अभिलेख, भ्रमण प्रतिवेदन, भ्रमणको उद्देश्य लगायत व्यहोरा पुर्ण अद्यावधिक भएको देखिदैन।

३. विविध खर्च गर्दा सोको प्रयोजन तथा उद्देश्य अद्यावधिक रुपमा नखुलाएको, नियमित प्रशासनिक प्रकृयावाट सम्पादन हुने कार्य (विभिन्न सिफारिस, अनुगमन लगायत), खुला कोटेशन मुल्याङ्कन, मल व्यवस्थापन समितिको वैठक भत्ता जस्ता कार्यको समेत अनुगमन तथा वैठक भत्ता भुक्तानी गरेको देखिएकोले उल्लेखित प्रकृतिका खर्च मितव्ययी भएको देखिदैन।

४. स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७७ को दफा ४ अनुसार पदाधिकारीहरुले सवारी साधन वा यातायात सुबिधा प्राप्त गर्ने र कर्मचारीले नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०८१ को बुदा नं ४८ तथा पालिकाको स्वर्गद्वारी नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ को बुँदा नं ८ अनुसार सवारी साधन तथा इन्धन सुबिधा उपलव्ध गराउन सक्ने व्यवस्था छ। उल्लिखित व्यवस्था अनुसार उपलव्ध गराउने इन्धन सुविधाको लागि नेपालको सरकारी लेखा फारामहरु, २०७६ अनुसार माग फाराम (म.ले.प. फाराम ४०१), खरिद आदेश (म.ले.प. फाराम ४०२), दाखिला प्रतिवेदन फाराम (म.ले.प. फाराम ४०३) र मर्मत सम्भार खर्चको लागि मर्मत आवेदन तथा आदेश फाराम (म.ले.प. फाराम ४१४), मर्मत सम्पन्न (म.ले.प. फाराम ४१४क) र मर्मत अभिलेख खाता (म.ले.प. फाराम ४१५) अद्यावधिक राख्नु पर्दछ। पालिकामा रहेको पिकअप भ्यान २, ब्याकहो लोडर १, एम्बुलेन्स १, मोटरसाइक २१ र स्कुटर २ थान समेत २७ सवारी साधनमा प्रयोग हुने इन्धन तथा मर्मत सम्भार खर्चमा आंशिक रुपमा स्वीकृत म.ले.प. फाराम प्रयोग भएको अवस्था रहेको छ। सवारी साधन मर्मतमा रु.१६,१२,६२९.०० र इन्धनमा रु.६०,२३,१८४.०० खर्च गरेको मध्ये कार्यालय प्रयोजनमा रु.२४,८३,६१४.०० र मेशिन सञ्चालनमा (ब्याकहो लोडर) रु.३५,३९,५७०.०० (प्राविधिक विल समेत समावेश) खर्च गरेको छ।

नेपालको सरकारी लेखा फारामहरु, २०७६, अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०८१ र पालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ को प्रयोग र पालना गरी बजेट, खर्च तथा कार्यक्रम सञ्चालनमा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता सुनिश्चितता हुने गरी सार्वजनिक खर्चमा मितव्ययीता, पारदर्शिता, प्रभावकारी र एकरुपता हुनु पर्दछ।

३४ **प्रशासनिक खर्चमा मितव्ययि**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) माजिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। साथै नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका,२०८१ को बुदा नं ५६(१) मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिका गर्नु पर्ने व्यवस्था छ।नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले लागु गरेको कार्यसञ्चालन निर्देशिका, २०७७ ले व्यवस्था गरे अनुसार देहाय बमोजिमका बिभिन्न अभिमुखिकरण सचेतना तथा दिवस मनाउने जस्ता कार्यक्रमहरुमा खर्च गर्दा सामान्यतया कर्मचारीले नियमित प्रकृतिका कृयाकलापहरुमा समेत कार्यक्रम सञ्चालन गर्ने कर्मचारीले थप भत्ता भुक्तानी वा खर्च गरेको देखियो।पालिकाको प्रशासनिक खर्च मितव्ययी हुने गरी कार्यसञ्चालन निर्देशिका तयार गरी लागु हुनु पर्दछ । यस प्रकारका खर्च गरिएका केहि उदाहरणहरुः

भौचर नं	कार्यक्रम	विवरण	भुक्तानी पाउनेको नाम	खर्च रकम
१०९७।०८२। १।४	राष्ट्रिय मगर दिवस तथा मगर भाषा तालिम	प्रतिवेदन लेखनको रु ३००० र कार्यक्रम संयोजकको रु६५००। भत्ता एउटै व्यक्तिलाई दिएको	निमा डागी	३०००
१५१०।०८२। २।२९	जातिय भेदभाव तथा छुवाछुत उन्मुलन दिवस	प्रतिवेदन लेखन र कार्यक्रम संयोजकको भत्ता एउटै व्यक्तिलाई दिएको	निमा डागी	१०००
१०३५।०८१। १२।१४	वडा नं १ को शिक्षाको गुणस्तर अभिबृद्धि अन्तर्गत परीक्षा सञ्चालन	प्रस्ताव तथा प्रतिवेदन लेखन खर्च	प्रकाश विष्ट मगर	२०००
१७३७।०८२। ३।१७	५ नं वडाको शैक्षिक सुधार तथा उत्कृष्ठ कर्मचारी सम्मान	प्रतिवेदन तयारी संयोजक	बलराम बिष्ट प्रेम भण्डारी	१००० १०००
१७८९।०८२। ३।१९	वडा वाल सञ्जाल गठन पूर्नगठन	प्रपोजल र प्रतिवेदन र यातायात खर्च	लोकेन्द्र खडका	२०००

३५ **खर्चको प्रकृति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा निम्नानुसार नमुना छनौट गरी परीक्षण गर्दा पालिकाबाट सञ्चालन भएका केही कार्यक्रमको कार्यविधी नभएको र खर्च समेत वितरणमुखी प्रकृतिको रहेको पाइयो । उपलब्धि मापन गरी कार्यविधि तयार गरी कार्यक्रम सञ्चालन गर्ने र कार्यान्वयन भएको कार्यक्रमको लाभग्राहीको नामनामेशी सहितको विवरण सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्दछ।

गो भौ नं	कार्यक्रम	भुक्तानी रकम रु.
९१८।०८१।११।२६	वडा नं २ जेष्ठ नागरिक सम्मान अन्तर्गत फाइबर सिरक १५० थान वितरण	१३००००।००
११५८।०८२।१।८	वडा नं ८ जेष्ठ नागरिक सम्मान अन्तर्गत दोसल्ला र हर्लिक्स वितरण	७००००।००
११३४।०८२।१।८	वडा नं ५ जेष्ठ नागरिक सम्मान अन्तर्गत जेष्ठ नागरिकलाई कम्बल ८४ थान वितरण	७५०००।००
१५०७।०८२।२।२९	वडा नं ३ जेष्ठ नागरिक सम्मान अन्तर्गत जेष्ठ नागरिकलाई कम्बल १०७ थान वितरण	१३००००।००
१६२०।०८२।३।१०	वडा नं ४ जेष्ठ नागरिक सम्मान अन्तर्गत जेष्ठ नागरिकलाई इलेक्ट्रिक जग र थर्मश र कप ३१ सेट वितरण	५५०००।००
१०९७।०८२।१।४	राष्ट्रिय मगर दिवस तथा मगर भाषा तालिम खर्च	२४९७७०।००
७५०।०८१।११।१	सूर्योदय मा वि बेलवासेको वार्षिक उत्सव कार्यक्रम खर्च	१०००००।००
९१०।०८२।३।२४	वडा नं ५ को कार्यक्रम अन्तर्गत खेलाडीलाई खेलकुद सामाग्री वितरण	१४९७१५

३६ **कार्यक्रमको अनुगमन खर्च**

नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०८१ को बुँदा नं ५६(१) मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिका गर्नु पर्ने तथा सोहि बुँदाको (५) मा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी खटाउनु पर्ने छ । त्यसरी कर्मचारी खटाउँदा आवश्यकता औचित्यता र उपयुक्तताको आधारमा बढीमा तीन जनाको टोली खटाउनु पर्ने व्यवस्था गरेको छ। पालिकाले देहाय बमोजिमका समान्य प्रशासनिक प्रकृतिका कार्यक्रमहरुमा समेत अनुगमन गरेको भनि अनुगमन भत्ता भुक्तानी भएको देखियो। अनुगमन गर्ने पदाधिकारीले अनुगमन गरेको प्रतिवेदन समेत पेश गरेको देखिएन साथै आवश्यकता भन्दा बढी संख्यामा अनुगमनकर्ता सहभागी गराई अनुगमन खर्च भुक्तानी भएको देखियो । यस प्रकारका खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

गो भौ नं	कार्यक्रम	कार्यक्रम खर्च	अनुगमनकर्ताको संख्या	भुक्तानी रकम
८०३।०८१।११।११	महिलाहरुलाई नौमती बाजाँ तालिम	३३१०००।	२१	२३०००।००
८१९।०८१।११।२०	मिनि टिलर हाते ट्याक्टर मर्मत तालिम	२२१२७३।	१०	१५०००।००

३७ **विद्युत महशुल छुट**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ बमोजिम वितरणमुखी खर्चलाई नियन्त्रण गरी संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दिर्घकालिन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। पालिकाले नगरभित्रका विपन्न नागरिकहरुलाई विद्युत महशुल छुट कार्यक्रम अन्तर्गत सम्पूर्ण वडाका नागरिकले २० युनिटसम्म खपत गरेको आधारमा विद्युत महशुल वापतको रकम राजश्व बाँडफाँड शिर्षकबाट रु.२७,९९,९९९.२५ निजि क्षेत्रको सेवा प्रदायक बुटवल पावर कम्पनीलाई भुक्तानी गरेको देखियो। विपन्न नागरिकहरुलाइ विद्युत महसुल छुट उपलव्ध गराउदा विपन्न नागरिक पहिचान र छनौट गरी २० युनिटसम्म खपत भएको अवस्था खुलाई विद्युत महसुल छुट गराएको भिडान हुने गरी कार्यविधि तयार गरी कार्यान्वियन भएको खुल्ने अवस्था रहेको छैन। विपन्न नागरिकहरुलाई विद्युत महशुल छुट कार्यक्रम कार्यान्वियन गर्न निर्धारित कार्यक्रमको उद्वेश्य अनुसारको कार्यविधि तयार नगरी पालिकाले आफ्नो राजश्व बाँडफाँड शिर्षकबाट एकमुष्ट भुक्तानी गरेको उपयुक्त देखिएन। पालिकाले निर्धारण गरेको कार्यक्रम कार्यान्वियन गर्न पुर्व निर्धारित उद्वेश्य अनुसारको कार्यविधि तयार गरी कार्यान्वियन गर्ने र संघीय सरकारका उल्लेखित प्रकृतिका अनुदान उपलव्ध गराउने कार्यक्रम कार्यान्वियन गर्न संघिय सरकारबाटै बजेट माग गरी कार्यान्वियन हुने व्यवस्था गर्नु पर्दछ।

३८ **बिपन्न नागरिक उपचार सिफारिस**

नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०८१ को बुदा नं ४५ मा बैठक भत्ता सम्बन्धि मापदण्डको व्यवस्था गरेको छ। जसमा बैठक भत्ता प्रदान गर्ने आधारहरुमा बैठकको आवश्यकता औचित्य र उपयुक्तता लगायतका विषयवस्तु स्पष्ट भएको हुनुपर्ने, बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनु पर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी र कर्मचारी मात्र बस्ने बैठकमा भत्ता

प्रदान नगर्ने, कानून अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने लगायतका आधारहरु उल्लेख गरेको छ । पालिकाले देहायका गोश्वरा भौचरबाट तीन सदस्यीय विपन्न नागरिक औषधि उपचार सिफारिस समितिको बैठक बसेको माइन्युट समावेश गरी बैठक भत्ता खर्च लेखेको छ। हरेक बैठकबाट १ जना विपन्न नागरिक उपचार सिफारिस गर्नका लागि मात्र बैठक वस्ने र भत्ता भुक्तानी गर्ने गरेको देखियो। यसरी बैठकको आवश्यकता औचित्यता र उपयुक्तताको हिसावले समेत यस्ता बैठकको भत्तामा नियन्त्रण गरी प्रशासानिक खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

गो भौ नं	बैठक संख्या	सहभागि संख्या	भुक्तानी रकम
९३९।०८१।११।२६	२०	७	६००००
१८८९।०८२।३।२४	८	६	३८०००

३९ **वडा तर्फको बैठक भत्ता**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७६ को दफा ८ (१) मा सभाका सदस्यले सभा वा कार्यपालिका वा वडा समिती वा न्यायिक समिती लगायत स्थानीय तहको अन्य कुनै समिती वा उपसमितीको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि तोकिए बमोजिमको रकम बैठक भत्ता वापत पाउने व्यवस्था छ । पालिकाले वडा समितिका पदाधिकारीका अतिरिक्त बैठकमा एक जना सहायक, एक जना सहयोगी कर्मचारी र बिशेषज्ञ आवश्यक परेको अवस्थामा बढीमा तीन जना आमन्त्रित सदस्यका रुपमा राख्न सक्ने गरी खर्चको मापदण्ड,२०७७ लागु गरेको छ । जसका कारण देहायका वडा समितिको बैठकमा वडा समितिका पदाधिकारीका अतिरिक्त अन्य सहायक र सहयोगी कर्मचारी समेतलाई आमन्त्रित सदस्यका रुपमा समावेश गरी मासिक बैठक भत्ता उपलब्ध गराउदा रु.२३३७५०.०० थप व्ययभार परेको देखिन्छ । यस प्रकारका प्रशासनिक खर्चमा मितव्ययि हुने गरी खर्च सम्बन्धि मापदण्ड लागु गर्नुपर्नेमा सो गरेको देखिएन। अतः बैठक भत्तामा हुने फजुल खर्च नियन्त्रण गरी मितव्ययिता अपनाउनु पर्ने देखिन्छ ।

(विस्तृत विवरण बेरूजु दफा ३९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४० **लघु उद्यम कार्यक्रम**

लक्षित नेपाली नागरिकलाई लघु उद्यम विकास र प्रवर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुर्‍याउने उद्देश्यले विभिन्न मोडेलमा आधारित भई सीपमूलक तालिम संचालन गरी सीप क्षमता अभिवृद्धि गर्ने, उद्यमी हुन प्रोत्साहित गर्ने र समग्र आयस्तर तथा जीवनयापनमा सुधार ल्याउने उद्देश्य सहित गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार लघु उद्यमशिल कार्यक्रम सञ्चालन हुनु पर्दछ। पालिका र संघीय सरकारबाट उपलब्ध भएको बजेटबाट देहायका कार्यक्रम कार्यान्वयन भएको देखिन्छ।

क्र.सं.	योजना तथा कार्यक्रमको नाम	बजेट	खर्च रकम
१	लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सृजना तर्फ कार्यक्रम सामजिक परिचालन,उद्यमशिलता विकास तालिम र सहजकर्ता परिचालन लगायत	९२००००	८५७७१७.९८
२	उद्यम विकास सहजकर्ता परिचालन		४५६९६६
३	सामजिक परिचालन,उद्यमशिलता एक महिने पलम्विङ मर्मत संभार सिपमुलक विकास तालिम		४००७५१.९८
४	उद्यमीको स्तरोन्नती आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी तथा एडभान्स सिप विकास तालिम कार्यक्रम अन्तरगत १५ दिने हातेट्याक्टर मर्मत संभार सिपमुलक तालिम	२४००००	२२१२७३.४७
५	समुहमा प्रविधि हस्तान्तरण	१४००००	५३२०१
६	साझा सुबिधा केन्द्र तथा कोसेली घर स्थापना	५०००००	४८५०००
	जम्मा	१८०००००	१६१७१९२.४५

गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुदा नं.३९ मा तालिमबाट उत्पादित सामाग्रीको सकेसम्म विक्री गर्ने र विक्री हुन नसकेमा विवरण सहित कार्यालयमा स्टोर दाखिला गराउनुपर्ने, बुँदा नं. ५८ अनुसार उपयुक्त सुचक सहित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नु पर्ने र बुँदा नं. ५९ मा तोके अनुसार प्रगति प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले उल्लेखित अनुसारका सीपमूलक तालिम तथा कार्यक्रमको संचालन गरेको देखिएकोमा उत्पादन भएका सामाग्रीको अवस्था खुल्ने अभिलेख, उपलव्धिको लेखाजोखा तथा प्रभावाकारीता र सोको प्रतिवेदन तयार गरी राखेको देखिदैन। पालिकाले निर्देशिकामा तोकिएबमोजिमम तालिमबाट उत्पादित सामाग्रीहरुको बिक्री, स्टोर दाखिला गर्ने, तथा तालिम समाप्त पश्चात प्राप्त उपलब्धिको लेखाजोखा गरी त्यसको प्रभावकारिता मूल्याङ्कन सम्बन्धमा पालिकाले प्रतिवेदन पेश गर्नुपर्दछ।

४१ अनुदान व्यवस्थापन

सार्वजनिक निकायबाट उपलब्ध गराउने अनुदानलाई व्यवस्थित, पारदर्शीता, प्रभावकारी तथा एकरुपता कायम गरी लक्षित वर्गसम्म अनुदानको पहुँच पुर्‍याउन र कार्यक्रमलाई प्रभावकारी ढंगवाट कार्यान्वियन गरी लक्षित नतिजा हासिल गर्न अनुदान व्यवस्थापन सम्वन्धी कार्यविधि, निर्देशिका वा मापदण्ड तयार गरी लागु गर्नु पर्दछ। पालिकाले निम्नानुसार अनुदान कार्यक्रम सञ्चालन गरेकोमा कार्यक्रमलाई प्रभावकारी ढंगवाट कार्यान्वियन गर्नको लागि उल्लेखित अनुसारको अनुदात वितरण सम्बन्धि कार्यविधि तयार गरेको छैन। पालिकाले उपलब्ध गराउने अनुदानलाई व्यवस्थित,पारदर्शीता, प्रभावकारी तथा एकरुपता कायम गरी लक्षित वर्गसम्म अनुदानको पहुँच पुर्‍याउन र कार्यक्रमलाई प्रभावकारी ढंगवाट कार्यान्वियन गरी लक्षित नतिजा हासिल गर्न अनुदान व्यवस्थापन सम्वन्धी कार्यविधि तयार गरी कार्यान्वियन गर्नु पर्दछ।

सि नं	कृषक वा समूहको नाम	अनुदानको विवरण/ कार्यक्रम नाम	अनुदान रकम/खर्च रकम	कैफियत
१	स्वर्गद्वारी साना किसान सहकारी	गहुँ बालि पकेट विकास कार्याक्रम (५०% बिउ र समान)	११५३०७७	संघिय
२	घुस्टुंग सुनौलो कृषक समूह	गहुँ बालि पकेट विकास कार्याक्रम(५०% बिउ, ८५% सिंचाई)		संघिय
३	कालाथोकी कृषि तथा पशुपन्छी फर्म	विपन्न महिलाका लागि फुल खेति प्रबर्धन कार्यक्रम	१८६५६६	स्थानीय
४		धान गहुँ विउ अनुदान ५०%	२७१०००	संघिय
५	स्वर्गद्वारी महाप्रभु कृषक समूह	विपन्न महिला लाई च्याउ बीउ वितरण	५००००	स्थानीय
६		वडा स्तरीय बाली बिमा अभिमुखीकरण कार्यक्रम	२०००००	स्थानीय
७		बालि संरक्षण सेवा	४९१५३०	स्थानीय
८		आकस्मिक बालि संरक्षण	४९७५४	स्थानीय
९		फर्मेट तथा अन्य छपाई	९७१८०	स्थानीय
१०		विविध	५००००	स्थानीय
११		कृषि प्रयोजनको लागि गाडी खरिद	३१९१०००	स्थानीय
१२		साना सिंचाई तथा मर्मत सम्भार	४७७०००	स्थानीय
१३		कृषक समुहलाई बिउ बिजन सहयोग कार्यक्रम	८९९५०	स्थानीय
१४		सूचना प्रकाशन तथा उन्नत बिउ उपयोग अनुगमन निरीक्षण	१३६७५१	संघिय
१५		किसान सूचीकरण	१९९१४९	संघिय
१६		कार्यक्रम संचालन तथा भ्रमण ,अनुगमन तथा मुल्यांकन	११७३१७	स्थानीय
१७		न्युनतम समर्थन मुल्यमा प्रोत्साहन अनुदान कार्यक्रम	१८४५१९	स्थानीय
		जम्मा	६९४४७९३	

४२ **दिवस कार्यक्रममा खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं. १५१०।०८२।२।२९ बाट जातिय भेदभाव तथा छुवाछुत उन्मुलन विरुद्धको दिवस मनाउन रु.८००००।०० खर्च भुक्तानी गरेको छ । विल भरपाई परीक्षण गर्दा कार्यक्रम संयोजक रु.१०००।, प्रतिवेदनमा रु.१०००।, वडाबाट सहभागिलाई एकमुष्ट रु.३१५००।०० यातायात खर्च, कार्यक्रमको अध्यक्षलाई रु.१०००।, प्रमुख अतिथि रु.१०००।, कार्यक्रम सञ्चालक रु.१०००। र कार्यक्रम अनुगमनकर्तालाई रु. १०००। खर्च भुक्तानी गरेको देखियो। यसरी दिवस मनाउने कार्यक्रममा समेत सरकारी रकम वितरण गरेको खर्च मितव्ययीताको हिसावले उपयुक्त देखिएन। यस प्रकारको खर्च भुक्तानीमा नियन्त्रण गरी मितव्ययिता अपनाउनु पर्ने देखिन्छ ।

४३ **बार्षिक उत्सव कार्यक्रम**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१०,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४४ **असल अभ्यास सिकाई कार्यक्रम**

आर्थिक वर्ष २०८१।८२ को नीति कार्यक्रम तथा बजेट वक्तव्यमा अन्तरपालिका असल अभ्यास सिकाई आदान प्रदान कार्यक्रम अन्तर्गत जन प्रतिनिधि र कर्मचारीहरुको अवलोकन भ्रमण सम्बन्धी कार्यक्रम समावेश गरेको देखिन्छ। पालिकाले गो.भौ.नं. ९१२। ०८१।११।२६ बाट अवलोकन भ्रमण कार्यक्रममा रु.४,५९,१४२।०० खर्च भुक्तानी गरेको छ। जनप्रतिधि र कर्मचारी सहित भ्रमण दलमा ४१ जना सहभाग ी रहेकोमा रुपन्देही, पाल्पा, बागलुङ, स्याङ्जा, तनहुँ र मुस्ताङ जिल्लाहरुका बिभिन्न पालिकाहरुको भ्रमण गरेको प्रतिवेदनमा उल्लेख गरेको छ ।अवलोकन भ्रमण प्रतिवेदन पेश भएपनि सहभागीको दैनिक हाजिरी उठाएको देखिएन। भ्रमण कार्यक्रममा हुने खर्चको निश्चित मापदण्ड तयार नगरी विनियोजित बजेट बराबरकै विल भरपाई पेश भएका आधारमा भुक्तानी भएको देखिन्छ ।जनप्रतिनिधि र कर्मचारीले अन्तरपालिका असल अभ्यास सिकाई अवलोकन भ्रमणबाट सिकेका कुराहरुलाई नगरको बिकास र समृद्धिमा प्रयोग गरी यस प्रकारका खर्चको प्रभावकारिता सम्बन्धी विश्लेषण हुनु पर्दछ।

४५ **उपभोक्ता समितिको कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिवाट गराउन वा प्राप्त गर्न सक्ने, नियम ९७(६) अनुसार प्राविधिक मूल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणीत गर्ने अन्य कागजात समितिको वैठकवाट अनुमोदन, नियम ९७(७) अनुसार सामाजिक लेखापरीक्षण, ९७(११) अनुसार कार्यसम्पन्न प्रतिवेदन तयार गरी नियम ९७ उपनियम १२ अनुसार सम्पन्न भएको कार्यको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नु पर्ने उल्लेख छ। पालिकाले ३ लाख देखि ८ लाख सम्म २१ समेत १२८ योजनाको कुल लागत अनुमान रु २४२३८५०४।०० भएको कार्य उपभोक्ता समिति मार्फत गराई रु १९६४६३०३।०० भुक्तानी गरेकोमा सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व हस्तान्तरण भएको देखिदैन। पालिकाले नियममा उल्लेख भएको व्यवस्थाको पालना गर्नु पर्दछ।

४६ **सामाजिक सुरक्षा र संरक्षण**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी

पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ। पालिकाले यस वर्ष रु.१२,९७,९७,७९५.०० सामाजिक सुरक्षा वापतको रकम निकाशा गरेकोमा लाभग्राहिको जन्म मिति विवरण, वैङ्क खाता नं. अद्यावधिक गरी एम.आइ. एस.मा पुर्ण रुपमा प्रविष्ट गरी ४ वटै किस्तामा इलेक्ट्रोनिक फण्ड ट्रान्सफर (EFT) मार्फत निकासा गरेको देखिन्छ।

४६.१ **लाभग्राहीको निस्कृय वैंक खाता**

सामाजिक सुरक्षा वितरण गर्दा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. १५(१) अनुसार चौमासिकको अन्त्यमा भुक्तानी गर्ने व्यवस्था रहेको छ। पालिकाले सामाजिक सुरक्षा र संरक्षण वापतको भत्ता वितरण गर्दा विगतका आर्थिक वर्षहरुमा बैंकको (आन्तरिक पार्किङ्ग) खातामा दाखिला पश्चात सम्वन्धित लाभग्राहीको व्यक्तिगत खातामा दाखिला गर्ने प्रकृया रहेको देखियो। बैंकको (आन्तरिक पार्किङ्ग) खातामा दाखिला पश्चात सम्वन्धित लाभग्राहीको व्यक्तिगत खातामा रकम दाखिला गरेकोमा पालिकावाट प्राप्त निम्न विवरण अनुसार १ वैंकमा ४२ जनाको रु. ३१४५१५।१० रकम बैंक खाता निस्कृय भई लाभग्राहीकै खातामा मौज्दात रहेको देखियो। विगत लामो समयदेखि सामाजिक सुरक्षा भुक्तानी भएको लाभग्राहीको वैंक खाता निस्कृय रहेको सम्वन्धमा पालिकाले लाभग्राहीको यथार्थता एकिन गरी सामाजिक सुरक्षा भत्ता दायित्व सृजना नहुने अवस्थामा सो रकम संघीय संचित कोष दाखिला गर्नु पर्ने रु.

क्र.सं.	**बैक खाता विवरण**	**निस्कृय रहेका व्यक्तिगत खाता सङ्ख्या**	**मौज्दात रु.**
१	कृषि बिकास बैंक	४२	३१४५१५.१०
	जम्मा	४२	३१४५१५.१०

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४२९,३९४.१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२९५,९७५.८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **६२८,६४६.१७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	३,१४,५१५.१

४६.२ **सामाजिक सुरक्षा भत्ता वितरणः** पालिकाको यस वर्षको प्रथम किस्ता रु.३,१८,६४,३८७.०० र दोश्रो किस्ता रु.३,२३,३२,७८७.०० तेश्रो किस्ता रु.३,२६,५६,२३२.०० र चौथो किस्ता रु.३,२९,४४,३८९.०० इलेक्ट्रोनिक फण्ड ट्रान्सफर (EFT) गरी जम्मा खर्च रु.१२,९७,९७,७९५.०० सामाजिक सुरक्षा भत्ता वापत खर्च भएको देखिन्छ।

वार्षिक सामाजिक सुरक्षा भत्ता निकासाको विवरण निम्नानुसार छः

विवरण	प्रथम त्रैमासिक		द्धितीय त्रैमामिक		तृतीय त्रैमासिक		चतुर्थ त्रैमासिक	
	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम
अन्य जेष्ठ नागरिक भत्ता	१६०४	१९१११९२०	१६२५	१९३१४८०८	१६२६	१९४१०४६५	१६५६	१९६९८५३६
जेष्ठ नागरिक भत्ता (दलित)	३४०	२६४४०४०	३४३	२७०५२२०	३४६	२७४७९५२	३४२	२७०५२२०
जेष्ठ नागरिक एकल महिला	३०२	२३९६९१७	२९५	२३४८७८०	२९०	२३०४८९०	२७६	२१९१८४०
जेष्ठ नागरिक क्षेत्र तोकिएका	०	०	०	०	०	०	०	०
विधवा	६६४	५२६१४८०	६९५	५४५७४८३	७१२	५६३०७०४	७२५	५७४८३४६
पूर्ण अपाङ्गता भत्ता	५६	६७०३२०	५६	६५८६१६	५७	६७२४४८	५७	६८२२९०
अति अशक्त अपाङ्गता भत्ता	१६७	१०५९७४४	१६८	१०७२५१२	१६६	१०५५५६१	१६७	१०५५४८८
क्षेत्र तोकिएका बालबालिका	०	०	०	०	०	०	०	०
लोपन्मूख बालबालिका	०	०	०	०	०	०	०	०
दलित बालबालिका	३९७	६००२६६	४४३	६५५६६८	४६६	७१४५१२	४८६	७४२२६९
लोपन्मुख जाति	१०	११९७००	१०	११९७००	१०	११९७००	१०	११९७००
जम्मा	**३५४०**	**३१८६४३८७**	**३६३५**	**३२३३२७८७**	३६७३	३२६५६२३२	३७१९	३२९४३६८९

४७ विद्यालय अभिलेख व्यवस्थापन

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) मा पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सामुदायिक तथा निजी आधारभूत तथा माध्यमिक तहसम्मको विद्यालयको अभिलेख राख्ने, मूल्यांकन तथा नियमन गर्ने व्यवस्था छ। पालिकाले शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन, अनुगमन तथा मुल्यांकन गर्नपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालित संघीय, प्रदेश अनुदान तथा आन्तरिक स्रोतबाट तलब भत्ता खाने, बैकल्पिक शिक्षा सिकाई केन्द्र, सामुदायिक बालविकास केन्द्र तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको अवकाश, सरुवा, कार्यरत सम्पूर्ण शिक्षकहरुको नियुक्ति, विदा तथा राजिना लगायतका विवरण प्रमाणित गरी अभिलेख राख्नुपर्नेमा सो राखेको देखिएन।लेखापरीक्षणको क्रममा केही शिक्षकहरुको अभिलेख प्राप्त भएतापनि एक आर्थिक वर्षभरीको सम्पूर्ण शिक्षकहरुको अभिलेख प्राप्त हुन सकेन । पालिकाले यस सम्बन्धमा सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको नियुक्ती, सरुवा, अवकाश, विदा तथा राजिनामा सम्बन्धी सम्पूर्ण विवरण सहितको अभिलेख अद्यावधिक गरी प्रमाणित गर्नु पर्दछ।

४८ विद्यालय व्यवस्थापन र अनुगमन

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ज) मा पालिकाले आफ्नो क्षेत्रभित्र संचालनमा रहेका सामुदायिक तथा निजी आधारभूत तथा माध्यमिक तहसम्मको विद्यालयको अभिलेख राख्ने, पालिकाको शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा नियमन गर्ने व्यवस्था छ। पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन सम्बन्धमा निश्चित मापदण्ड तयार गरेको छैन। पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुको अनुगमन, नियमन गरी विद्यालयले शुल्क निर्धारण तोकिए बमोजिम गरे नगरेको सम्बन्धमा अनुगमन गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ।

४९ विद्यार्थि संख्या सत्यापन

स्थानीय तहले एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयको कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा सामुदायिक विद्यालयहरुलाई निर्देशिका बमोजिम अनुदान निकासा उपलव्ध गराउनु पर्दछ। पालिकाले एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्यांक बराबर विद्यार्थी संख्या भए नभएको विषयमा सत्यापन गराई अनुगमन गरेको पाईएन। पालिकाभित्र रहेका विद्यालयहरुलाई एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्यांकको आधारमा दिवा खाजा बापत रु.९२७०५०५, पाठ्यपुस्तक बापत रु.४२१८८२१, आवासीय तथा गैर आवासीय छात्रावृती रु.९९६००० लगायतको अनुदान प्रदान गरेको छ। पालिकाले एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट भएको विद्यार्थी संख्या सम्वन्धमा सत्यापन नगराएकोले उपलव्ध गराएको अनुदान भुक्तानी यथार्थ परक भएको आश्वस्त हुन सक्ने अवस्था देखिएन ।

५० सहकारी व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(ख) अनुसार स्थानीय तहको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्था सम्वन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन गर्ने कार्य सम्वन्धित स्थानीय तहको हुने उल्लेख छ। पालिकावाट प्राप्त विवरण अनुसार पालिकाको भौगोलिक क्षेत्रभित्र रहेका २२ सहकारी संस्था मध्ये ९ वटा सहकारी संस्था सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (copomis) मा अभिलेख अद्यावधिक नभएको र ९ वटाको व्यवस्थापन तथा सञ्चालनमा समस्या रहेको उल्लेख गरेको छ। पालिकाले विद्यमान कानुन तथा कार्यविधि अनुसार सहकारी संस्था सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (copomis) अद्यावधिक गराउने र समस्याग्रस्त सहकारीहरुको अनुगमन गरी उपयुक्त कदम चाल्नु पर्दछ।

५१ हेफर प्रोजेक्ट नेपाल

गरिबी निवारणका लागि दीर्घकालिन परियोजना सञ्चालन गर्ने उद्देश्यले कृषि तथा पशु वस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्नु रहेको छ।यस परियोजनाको निर्दिष्ट उद्देश्यहरुमा आवद्ध महिला लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरु तथा सहकारीमा आबद्ध गरी सामाजिक पूँजीको अभिबृद्धी गर्नु, सुधारिएको बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट वाख्राको उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र बाख्रा बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण श्रृजना गर्नु रहेको छ।परियोजनाको मुख्य गतिविधिहरुमा पशु खरिद तथा ढुवानी, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र खरिद वितरण आदि रहेका छन। स्वर्गद्वारी कृषि तथा पशु विकासमा आधारित साना किसान तथा यूवा उद्यमशिलता विकास साझेदारी परियोजना सञ्चालन गर्न हेफर प्रोजेक्ट नेपाल र पालिका विच रु ६,१४,२८,५७२.०० को लागत साझेदारीमा २०७९ पौष १७ गते देखि १६ असार २०८३ सम्म कार्यक्रम सन्चालन गर्ने गरि सम्झौता भएको देखियो। कुल लागत मध्ये ७० प्रतिसतले हुने रकम रु.४,३०,००,०००.०० पालिकाले र ३० प्रतिसतले हुन आउने रकम रु.१,८४,२८,५७२.०० हेफर प्रोजेक्टबाट व्यहोर्ने व्यवस्था रहेको छ। परियोजना अन्तरगत २०८१।०८२ मा निम्नानुसार रु.१,०१,०३,६७१.१३ हेफर प्रोजेक्ट नेपाललाई भुक्तानी गरेको र हेफर प्रोजेक्ट नेपालले सो कार्यमा खर्च गरेको रु.४६,४१,२४५.२२ समेत कुल रु.१,४७,४४,९१६.४० खर्च वा लगानी भएको देखियो ।

आर्थिक वर्ष	पालिका	हेफर प्रोजेक्ट नेपाल	कुल खर्च
०७९।८०	२६७९८८१	२४१३२६८	५०९३१४९
०८०।८१	७५१०८६७	४२७९७५१	११७९०६१८
०८१।८२	१०१०३६७१.१३	४६४१२४५.२२	१४७४४९१६.३५
खर्च	२०२९४४१९.१३	११३३४२६४.२२	३१६२८६८३.३५
प्रतिशत	६४.१६	३५.८४	१००

- पालिकाको कृषि तथा पशुतर्फ दरवन्दी अनुसार पदपुर्ति भएको अवस्थामा वहुवर्षिय दायित्व सृजना हुने गरी पालिका र हेफर विच सम्झौता भएको देखियो। पालिकामा आर्थिक वर्ष २०८१।८२ मा कृषि कार्यक्रम तर्फ रु.४४,६०,०००.०० बजेट विनियोजन गरी रु. १९,८३,०७०.०० खर्च भएको संघीय सशर्तवाट एक पालिका एक भेटेरिनरी डाक्टर,कृषि स्नातक करार,एक गाउँ एक प्राविधिक कर्मचारी समेतको तलव भत्तामा खर्च भएको अवस्था छ। पालिकामा उपलव्ध जनशक्तिको उच्चतम परिचालन हुने गरी कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता लगायतका कार्यक्रमबाट दीगो रुपमा प्रतिफल हासिल हुने सुनिश्चितता हुनु पर्दछ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७ अनुसार बिल, भरपाई तथा अन्य कागजात सहित आर्थिक कारोबार पुष्टी गर्ने गरी लेखा राख्नु पर्ने व्यवस्था रहेको छ। स्वर्गद्वारी कृषि तथा पशु विकासमा आधारित साना किसान तथा यूवा उद्यमशिलता विकास साझेदारी परियोजना हेफर प्रोजेक्ट नेपाल र पालिका विच रु ६,१४,२८,५७२.०० को लागत साझेदारीमा २०७९ पौष १७ गते देखि १६ असार २०८३ सम्म कार्यक्रम सन्चालन गर्ने गरि २०७९ पौष १७ गते सम्झौता भएकोमा उक्त परियोजनाले स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्न गैर सरकारी सँस्था (फुलवारी एकिकृत ग्रामीण विकास संस्था प्यूठान) सँग सम्झौता गरी कार्यक्रम सञ्चालन गरेको देखियो। पालिकाले सम्झौता गरेको पक्ष हेफर परियोजनाको नामबाट सम्पादन भएको कार्य तर्फ कृषि तथा पशु विकासका कार्यक्रममा सहभागी आपुर्तिकर्ता वा लाभग्राहीबाट परियोजनाको नाममा जारी गरेका विल तथा भरपाई र भुक्तानीमा लाग्ने कर कट्टी दाखिला प्रमाण समावेश गरी पेश्की फर्स्यौट गरेको अवस्था रहेको छ।

५२ पालिका बजेटबाट शिक्षक व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड "ज" मा गाउँपालिका र नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत आधारभूत र माध्यामिक शिक्षा उल्लेख भएको छ। साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या ०७५।७७ चलानी नं. ३२९ मिति २०७५।९।१२ को पत्रानुसार समेत साझा अधिकारको विषयमा कानून वनाउने सन्दर्भमा नेपालको संविधानको धार ५७(६) मा साझा अधिकारको विषयमा प्रदेश तथा स्थानीय तहले कानून वनाउँदा संघीय कानूनसँग नबाझिने गरी वनाउनु पर्ने बेहोरा समावेश रहेको अवस्थामा संघीय शिक्षा ऐन नवनेकोले सम्वन्धित तहले कानुन वनाउदा संघीय सरकारको समन्वयमा मात्र नेपाल सरकारबाट नियुक्त भएका शिक्षक तथा सामुदायिक विद्यालयहरुको व्यवस्थापन र समग्र शिक्षा प्रणालीसँग सम्वन्धित विषयमा उठेका सवालको सहजिकरण गर्दा नेपाल सरकारसँग समन्वय गर्नु पर्ने गरी नेपाल सरकार मन्त्रिस्तरको २०७५।९।१२ को निर्णयको पत्राचार गरेको देखियो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी नगर शिक्षा ऐन, २०७९ स्वर्गद्वारी नगरपालिकाको नगरसभाद्वारा २०७९।९।२९ मा स्वीकृत गरी कार्यान्वयमा रहेको देखियो। नगर शिक्षा ऐन, २०७९ को दफा ३९ (१) मा नगर क्षेत्र भित्रका विद्यालयहरुमा तहगत, कक्षागत तथा विषयतग र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढि दरवन्दी भएको विद्यालयबाट कम दरवन्दी भएको विद्यालयमा नगर शिक्षा समितिले आवश्यक परेमा दरवन्दी मिलान गर्न सक्ने र संघीय ऐन मुताविक न्यूनतम दरवन्दी पुरा गर्न नगरपालिकावाट दरवन्दी सिर्जना गर्न सक्ने व्यवस्था गरेको देखियो। नगर शिक्षा ऐन, २०७९ को दफा ३९(२) संघीय शिक्षा ऐन नियमावली अनुसार विद्यार्थी शिक्षक अनुपात कायम हुने व्यवस्था अनुसार शिक्षा नियमावली, २०५९ नियम ७७ मा सामुदायिक

विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमशः पचास, पैंतालीस र चालीस हुनु पर्ने व्यहोरा समावेश छ। पालिकावाट प्राप्त विवरण अनुसार ५३ विद्यालयमा साविकमा २३० शिक्षक दरबन्दी रहेकोमा गाउँपालिकाले २१ दरवन्दी थप गरी २५१ दरवन्दी र ७१९४ विद्यार्थी सँख्या रहेको देखिन्छ। पालिकाले साविकको स्वीकृत दरबन्दिभित्र नपरेका र गत विगत देखि नै निजी स्रोतको रूपमा कार्यरत प्रथमिक विद्यालय तर्फ १० जना, निम्नमाध्यामिक विद्यालय तर्फ ४ जना र माध्यामिक विद्यालय तर्फ ७ शिक्षक समेत २१ जना शिक्षकलाई बार्षिक रु.१,८०,५६,५२९.०० तलब भत्ता वापत विद्यालयको नाममा अनुदान निकासा दिएको पाईयो । उल्लेखित अनुदान उपलव्ध गराउदा स्थानीय तहको अधिकार सूचिमा समावेश आधारभूत र माध्यामिक शिक्षाको सम्वन्धमा पालिकाले तयार गरेको नगर शिक्षा ऐन, २०७९ को दफा ३९ को उपदफा १ र २ अनुसार विद्यालयको शिक्षाको गुणस्तर कायम हुने गरी दरवन्दी व्यवस्थापन तथा सिर्जना गरेको खुल्ने अध्ययन प्रतिवेदन लगायत अवस्था खुलेको देखिदैन। पालिका अन्तर्गत रहेका विद्यालयको तह, विद्यार्थी संख्या, संघीय सरकारको साविकको दरवन्दी तथा पालिकाको अनुदान शिक्षक दरवन्दी अवस्था निम्नानुसार रहेको छ। उल्लेखित व्यवस्था अनुसार पालिकाले न्यून विद्यार्थी रहेका विद्यालयलाई विद्यार्थी संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्येनजर गरी मर्जरको प्रक्रियामा लगि विद्यालयमा आवश्यकता बमोजिम शिक्षक दरबन्दि कायम गरी शैक्षिक गुणस्तर सुधार तथा मितव्ययिता कायम गर्नु पर्दछ।

सिन	विद्यालयको नाम	कक्षा संचालन	जम्मा विद्यार्थीसंख्या	संघीय सरकारकोदरबन्दी	पालिका अनुदानशिक्षक दरबन्दी	जम्मा शिक्षक दरबन्दी
१	ने रा मावि कोचिवाङ	१-१०	३७८	१०	१	११
२	वाल संस्कृत मा वि धरमपानी	१-१२	३१६	९	२	११
३	वाल मावि अडेवास	१-१०	५०९	१०	२	१२
४	वालतपस्वी वेद विद्यालय गुरुकुलम्	४-१२	९८	२	१	३
५	अमर मावि भिंगृ	१-१२	५७७	२०		२०
६	गंगेश्वरी आवि वाझिपुर	१-१०	३१२	९		९
७	उमा महेश्वरी मावि सारी	१-१२	२४२	२१		२१
८	सुर्योदय मावि वेलवास	१-१०	३६०	११	१	१२
९	वेलवास मावि तापा	१-१०	२९५	१३	१	१४
१०	जनता मावि वर्जिवाङ	१-१०	३५६	१३		१३
११	विद्यानन्द मावि जुडापाटा	१-१२	४९९	१६	१	१७
१२	जनप्राणी प्रावि कुसुण्डे	१- ६	८०	३		३
१३	स्वर्गद्धारी ने रा आवि डाडाखर्क	१- ७	२११	४		४
१४	शिद्धेश्वरी आवि नेवारे	१- ८	११५	३	२	५
१५	नेरा आवि खलधारा	१- ८	८९	३	२	५
१६	ने रा आवि स्यानिलेख	१- ८	१८३	७		७
१७	जनसम्पर्क प्रावि तिमिले	१- ७	१५७	३	१	४
१८	ज्ञानप्रकाश आवि तापकोट	१- ८	२११	४		४
१९	शिशुकल्यान आवि दहचौर	१- ८	१०४	८		८
२०	अम्वेश्वरी प्रावि रुम	१- ५	३७	२	१	३
२१	सुर्य प्रावि सल्लावोट	१- ३	५	१		१
२२	शान्ति प्रावि बेलटाकुरा	१- ३	३६	१		१
२३	जनशान्ति प्रावि सल्लुडाडा	१- ३	२४	०		०
२४	नेरा प्रावि घुर्चे भोम्पा	१- ५	९६	३		३
२५	नेरा प्रावि रैमाखोला	१- २	२३	१		१
२६	पृथ्वि नेरा प्रावि धनवाङ	१- ५	८४	३		३
२७	चेतना प्रावि मालरानी	१- ३	१९	१		१
२८	भुवनेश्वरी प्रावि वाजम	१-५	११२	३		३
२९	जनता प्रावि नोस	१ -५	१६८	४		४

३०	दिपेन्द्र प्रावि नयागाउ	१- ५	६९	३		३
३१	विश्व शान्ति प्रावि हाम्जा	१- ५	१०४	३		३
३२	शिवशक्ति प्रावि मदनपुर	१- ३	२४	२		२
३३	वालविकास प्रावि	१- २	२१	१		१
३४	जनजागृति आावि किमिचौर	१- ५	४२	२	१	३
३५	वाल शिक्षा प्रावि वर्टन	१- ३	१३	०	१	१
३६	गोठिवाङ प्रावि	१- २	४८	०		०
३७	चन्द्रेश्वरी प्रावि	१- ५	१२९	३		३
३८	जनता प्रावि भिगृकोट	१-५	६१	३		३
३९	वालकल्यान प्रावि गायखर्क	१-४	४६	२		२
४०	जनशीशुकल्याण प्रावि सिस्नेरी	१-३	४५	१		१
४१	जनता प्रावि मैटार	१-२	४३	१		१
४२	जनता नेरा प्रावि जरुवाखेत	१- २	५८	२		२
४३	सिद्धबाबा प्रावि	१- २	२६	०		०
४४	झुपाकोट प्रावि	१- ३	८२	२		२
४५	जनउज्वल प्रावि खन्नेखोला	१ -५	८५	२	१	३
४६	जनज्योति प्रँवि रातामाता	१ -२	५८	१		१
४७	जनज्योति प्रावि ओरला	१- २	२४	०		०
४८	बालज्योति प्रावि ढाङ्जाखोला	१- ५	४५	२	१	३
४९	कैलास प्रावि (गुरुम्प)	१ -३	३०	२		२
५०	छेडापोखरा प्रावि	१- ५	१६९	३	१	४
५१	बालकल्याण प्रावि सिम्ले	१- ५	१०६	३		३
५२	जनता प्रावि कालिपोखरी	१- ४	९५	१	१	२
५३	श्री नेरा प्रावि डाडागाउँ	१- ५	७५	३		३
	जम्मा		**७१९४**	**२३०**	**२१**	**२५१**

५३ **पाठ्यपुस्तकमा भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **५४,३३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **५७,११९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५४ **शिक्षकको तलव भुक्तानी**

कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ को उपक्रियाकलाप नं ९.५ मा दोहोरो नपर्नेगरी छात्रवृत्ति, विज्ञान विषय पठनपाठनको लागि शिक्षक व्यवस्थापन, प्रयोगशाला सञ्चालन लगायतका क्रियाकलाप संचालनका लागि १००० जनासम्म विद्यार्थी संख्या भएको विद्यालयलाई रु ३० लाख अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था छ। पालिकाले नमुना विद्यालयलाई प्रदान गरेको अनुदानबाट विज्ञान शिक्षकको वाहेक सामाजिक शिक्षकको लागि मासिक रु.४३६८९ का दरले १३ महिनाको जम्मा रु.५६७९५७ र शिक्षा विषय पठनपाठन गराउने शिक्षकको लागि मासिक रु.४३६८९ का दरले १० महिनाको रु. ४३६८९० समेत रु १०,०४,८४७.०० खर्च लेखेको देखियो। कार्यविधिले तोकेभन्दा फरक विषयका २ जना शिक्षकको तलब भत्ता भुक्तानी गरेको कार्य नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१०,०४,८४७

५५ **शिक्षण सिकाई सामाग्री व्यवस्थापन**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५६ **योजना कार्यान्वियन अनुदान**

आर्थिक वर्ष २०८१।८२ मा स्वीकृत गुरुयोजना अनुरुप खर्च गर्ने गरी अमर माध्यामिक विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गर्न कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ को उपक्रियाकलाप नं ९.५ मा दोहोरो नपर्नेगरी छात्रवृत्ति, विज्ञान विषय पठनपाठनको लागि शिक्षक व्यवस्थापन, प्रयोगशाला सञ्चालन लगायतका क्रियाकलाप सञ्चालनका लागि १००० विद्यार्थी संख्या भएको विद्यालयलाई रु ३० लाख अनुदान उपलब्ध गराई सोको अनुगमन समेत स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईबाट हुनु पर्ने व्यवस्था रहेको छ। संघीय सशर्त तर्फको अनुदान रकम आर्थिक बर्ष २०८१।८२ मा नमुना विद्यालयबाट पेश भएको कार्य योजना अनुसार कार्य सम्पादन गर्न पालिकाले अमर माध्यमिक विद्यालयलाई विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियन अनुदान बापत रु. ३० लाख निकासा गरेकोमा सोको कार्यान्वियन अवस्था सम्वन्धमा पालिकाले अनुगमन गरेको देखिएन। विद्यालयबाट पेश भएको कार्य योजना अनुसार पालिकाले उपलव्ध गराएको अनुदानको उपयोगको अवस्था सम्वन्धमा प्रभावकारी अनुगमन गरी प्रतिवेदन संलग्न हुनुपर्दछ।

५७ **फरक शिर्षकमा खर्च**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २८ बमोजिम अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले गोश्वारा भौचर नं ७१९ बाट सशर्त बजेट तर्फको आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा कार्यक्रमबाट व्याग, रेनकोट, छाता वितरण गर्न रु.९८,९६७.०० खर्च गरेको देखियो। यसरी कार्यक्रमको उद्देश्य भन्दा फरक शीर्षकमा खर्च गरेको नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	९८,९६७

५८ **दिवा खाजा कार्यक्रम**

आर्थिक वर्ष २०८०।८१ को कार्यक्रम कार्यान्वियन कार्यविधि को क्रियाकलाप नं २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्मका अध्ययनरत विद्यार्थीका लागि विद्यार्थीको उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी

रु.१५।०० का दरले दिवा खाजा कार्यक्रमको रकम विद्यालयको खातामा निकासा हुने व्यवस्था छ। पालिकाले आ.व. २०८१।८२ मा दिवा खाजाको रकम ५३ सामुदायिक विद्यालयको खातामा रु.९२ लाख ७० हजार निकासा गरेको छ। पालिकाले उपलब्ध गराएको दिवा खाजा सम्बन्धि विवरण अनुसार छनौटमा परेका देहायका विद्यालयहरुको दिवा खाजा प्रदान गरेको विद्यार्थी हाजिरी परीक्षण गर्दा विद्यालयहरुलाई दिवा खाजा बापतको अनुदान कक्षा सञ्चालन भएको दिनभन्दा बढी दिनको भूक्तानि भएको पाईयो। त्यस्तै ५३ वटा विद्यालयमा अध्ययनरत ४२४९ विद्यार्थीलाई रु.१५ का दरले साउन, मंसिर र चैत्रको समेत १६ दिन सञ्चालन भएको परीक्षामा दिवा खाजा उपलव्ध गराउने गरी अनुदान निकासा गरेको छ। अध्ययनरत विद्यार्थीलाई कक्षा सञ्चालन भएको दिनभन्दा बढी दिन विद्यालय खुलेको र परीक्षा अवधिमा समेत दिवा खाजा उपलव्ध गराएको सम्बन्धमा पालिकाले अनुगमन गरी वढी निकासा नभएको एकिन हुनु पर्दछ।

५९ **सेनिटरी प्याड खरिद**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ३(४) को अनुसूचि १ मा उल्लेख भए अनुसारको गुणस्तरको सेनिटरी प्याड खरिद गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसारको विधि अनुसार लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। पालीकाले कार्यविधि अनुसारको गुणस्तरको सेनिटरी प्याड खरिद गर्न ३ आपुर्तकसँग खुला दररेट माग गरी घटी कबोलकर्ता अम्वे मेडिसिल्सबाट अल्ट्रा क्लियर (व्याक्टेरियल) को सेनिटरी प्याड रु.८९४९६०.०० गोश्वारा भौचर नं. ७५१।०८२।३।२४ बाट खरिद गरी भुक्तानि गरेको छ । पालिकाले तोकेको गुणस्तर अनुसारको सेनिटरी प्याड खरिदका लागि लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नु पर्दछ।

क. सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को ३(४) अनुसार स्थानीय तहले आफ्नो क्षेत्रभित्रका विद्यालयहरुको शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्कसँग भिडान गरि सो अनुसारको परिमाणमा सेनिटरी प्याड खरिद गर्नु पर्दछ। पालिकाबाट प्राप्त मौज्दात विवरण अनुसार २०८०।८१ को अन्त्यमा २११३० प्याकेट प्याड बाँकी रहेको अवस्थामा आवश्यक सँख्या एकिन नगरी आर्थिक वर्षको अन्त्य २०८२।३।२३ मा १३२०० प्याकेट प्याड खरिद गरेको पाईयो। यस बर्ष खरिद गरेका समेत ३४३३० प्याकेट प्याडहरु मध्ये २४३२४ प्याकेट मात्र वितरण गरी १०००६ प्याकेट स्टोरमा मौज्दात रहेको पाईयो। पालिकाले यथार्थ मौज्दात तथा आवश्यकता समेत एकिन नगरी आर्थिक वर्षको अन्त्यमा खरिद गरी मौज्दात राखेको देखिएकोले यसमा सुधार हुनुपर्दछ।

ख. सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २१ मा यस कार्यक्रमको कार्यान्वियनको प्रगति विवरण मन्त्रालयले तोकेको ढाँचामा चौमासिक रुपमा विद्यालयले स्थानीय तहमा र स्थानीय तहले प्रदेश सामाजिक विकास मन्त्रालयमा प्रतिवेदन पठाउनु पर्ने व्यवस्था रहेको छ। विद्यालयले स्थानीय तहमा र स्थानीय तहले मन्त्रालयमा उल्लेखित अनुसार प्रतिवेदन तयार गरी पेश गरेको पाईएन। अतः कार्यविधिले तोकेको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्दछ।

६० **शिक्षण सहयोग अनुदान**

कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.७.१३.४० मा माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान उपलब्ध गराउदा शुन्य दरबन्दी / राहत अनुदान कोटा भएका विद्यालयलाई न्युनतम ३ ओटा, १ दरबन्दी / राहत अनुदान कोटा भएकालाई २ ओटा र २ दरबन्दी / राहत अनुदान कोटा भएकालाई १ शिक्षकका दरले अनुदान रकम उपलब्ध गराउने साथै आधारभूत विद्यालयमा शून्य दरबन्दी भएका विद्यालयलाई १ शिक्षक अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ। पालिकाले देहायका विद्यालयहरुमा दरवन्दी भएको अवस्थामा समेत थप दरवन्दी वापत अनुदान निकासा गरेको नियमसम्मत नदेखिएको रु.

सि नं	विद्यालयको नाम	मा. वि. दरबन्दी संख्या	थप शिक्षक अनुदान संख्या	अनुदान रकम
१	बाल संस्कृत मा वी	३	१	५७७९५७
२	ने रा आधारभूत विद्यालय स्यानिलेख	१	१	४६१४९०
३	शिशु कल्याण आधारभूत विद्यालय	१	१	४६१४९०
	जम्मा रु	५	३	१५००९३७

अनियमित भएको	१५,००,९३७

६१ **परीक्षा सञ्चालन**

पालिका मातहत रहेका विद्यालयको नियमित रुपमा सञ्चालन हुने परीक्षाको प्रशासनिक प्रकृयालाई सरलिकरण र खर्च मितव्ययी हुने गरी परीक्षा सञ्चालन कार्यविधि तयार गरी परीक्षा सञ्चालन गर्नु पर्दछ। पालिकाको क्षेत्राधिकार रहेको कक्षा ८ को परीक्षा सञ्चालन गर्दा खर्च मितव्ययी हुने गरी परीक्षा सञ्चालन कार्यविधि तयार नगरी परीक्षा समितिको विभिन्न १४ वटा बैठकको बैठक भत्ता सहित बिभिन्न शिर्षकमा भौचर नं. ५४९ बाट रु. ८,१३,४००.०० खर्च भुक्तानी भएको छ। पालिकाले नियमित रुपमा परीक्षा सञ्चालन गर्दा अवलम्वन हुने प्रशासनीक प्रकृयालाई सरलिकरण र खर्च मितव्ययी हुने गरी परीक्षा सञ्चालन गर्ने कार्यविधि तयार नगरी खर्च गरेको, खर्चमा मितव्ययी भएको देखिएन । अतः पालिका मातहत रहेका विद्यालयको नियमित रुपमा सञ्चालन हुने परीक्षाको प्रशासनिक प्रकृयालाई सरलिकरण र खर्च मितव्ययी हुने गरी परीक्षा सञ्चालन कार्यविधि तयार गरी लागु गर्नु पर्दछ।

६२ **औषधि व्यवस्थापन**

पालिकामा निशुल्क वितरण गर्नको लागि आवश्यक औषधि खरिदमा संघीय सरकार सशर्तको बजेट रु. १६ लाख र नगरपालिका चालु बजेट रु. १५ लाख समेत रु. ३१ लाख मध्ये लागत अनुमान तयार गरी पहिलो पटकको बोलपत्र आह्वान गरी हेल्पिङ्ग मल्टिपर्पोजसँग भएको सम्झौताबाट रु. १५,५७,३१४.०० को औषधि खरिद गरेको र सो पश्चात बचत बजेट र हिउँदे अधिवेशनवाट थप भएको रु. १० लाख बजेट समेत समावेश गरी रु. २४,६३,५३६.०० को लागत अनुमान तयार गरी दोस्रो पटक बोलपत्र आह्वान गरी अम्बे मेडिसिन सप्लायर्ससँग रु. ६,४९,५९४.१२ को औषधि खरिद गरेको र पुनः वचत भएको बजेटवाटसमेत सम्झौता भएको आइटमगत मुल्यमा अम्बे मेडिसिन सप्लायर्ससँग थप औषधि खरिद गरी कुल रु.३९,०४,८१४.०० खर्च गरेको अवस्था छ। यससँग सम्बन्धित थप व्यहोरा देहाय बमोजिम रहेका छन्

क्र.सं.	आपुर्ति कर्ता	गो.भौ.नं.	खर्च
१	हेल्पिङ्ग मल्टिपर्पोज	१८५।०८१।८।२५	१५५७३१४
२	अम्बे मेडिसिन सप्लायर्स	१६४।०८२।३।२४	१३७२५००
३	अम्बे मेडिसिन सप्लायर्स	१९०८।०८२।३।२४	९७५०००
	जम्मा		**३९०४८१४**

६२.१ **औषधि खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ अनुसार सार्वजनिक निकायले मालसामान खरिद गर्नु अघि मालसामान सम्वद्ध वस्तुगत प्राविधिक तथा गुणस्तरजन्य विशेषता तयार गर्नु पर्ने र प्रतिशपर्धा सिमित नहुने गरी सोही ऐनको दफा ४(४) अनुसार बोलपत्र वा पूर्व योग्यता सम्वन्धी कागजातमा मालसामानको प्राविधिक वा गुणस्तरजन्य विशेषताहरुको विवरण, परीक्षण, पुष्टिकरणको प्रमाणपत्र लगायत उल्लेख गर्नु पर्ने व्यवस्था छ। औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन गर्नको लागि स्वास्थ्य सेवा विभाग आपूर्ति व्यवस्था महाशाखावाट औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका, २०७४ जारी भएको र सो पुस्तिकामा औषधि खरिद गर्दा आवश्यक मानदण्ड सहित प्रकृया समावेश गरेको छ। पालिकाले औषधि खरिद गर्दा आपुर्ति हुनु पर्ने औषधिको स्पेशिफिकेशन खुलाएको भएतापनि बोलपत्रदाताले आपुर्ति गर्ने औषधिसँग सम्वन्धित बिश्व स्वास्थ्य संगठनवाट मान्यताप्राप्त हुनु पर्ने तथा आपूर्ति हुने औषधिको उत्पादन मिति, ब्याच नं., म्याद समाप्त मिति, औषधि उत्पादकको Good Manufacturing Certificate लगायत आवश्यक सेवा सम्वद्ध विशेषता हुनु पर्ने बेहोरा बोलपत्र सम्वन्धि कागजातमा समावेश भएको देखिदैन। पालिकाले रु.२४६३५३६। लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट अम्बे मेडिसिन सप्लायर्सबाट दुई पटक गरी रु.२३४७५००। को औषधि खरिद गरेको अवस्था छ । उल्लेखित व्यहोरा समावेश गरी सोही अनुसार बोलपत्र आह्वान, मुल्याङ्कन, सम्झौता र आपुर्ति हुने गरी वार्षिक रुपमा आवश्यक औषधि तथा औषधिजन्य सामानको परिमाण एकिन गरी बजेट व्यवस्थापन गरी प्रतिशपर्धात्मक र मितव्ययी रुपमा गुणस्तरिय औषधि आपुर्ति हुनु पर्दछ।

६२.२ पालिकाले औषधि आपूर्तकसँग संझौता गर्दा टेक्निकल स्पेशिफिकेशनमा औषधिको खरिद गरी स्टोरमा दाखिला भएको समयमा कम्तीमा १८ महिना एक्स्पाएरी मिति बाकी हुनुपर्ने उल्लेख गरिएको साथै सम्झौतामा खरिद गरिने औषधिको म्यादको सम्बन्धमा औषधि स्टोर दाखिला हुदा उक्त औषधिको उत्पादन मितिबाट कम्तीमा ७५ प्रतिशत समय बाकी रहेको हुनुपर्ने र सो भन्दा घटी म्याद भएका औषधिहरु बुझिलिईने छैन भनिएको छ । पालिकामा मिति २०८१।७।५ (२०२४ अक्टोबर २१) र २०२४ सेप्टेम्बर २६ मा आपूर्तकले पेश गरेको औषधिको बिल परीक्षण गर्दा १८ महिना भन्दा कम समय बाकि रहेको औषधि प्राप्त भएकोमा पालिकाबाट संझौता विपरित घटी म्याद भएको औषधि समेत प्राप्त गरी आपूर्तकलाई भुक्तानी दिएको पाईयो। संघीय सरकारबाट हस्तान्तरित चालु र पालिका चालुबाट विभिन्न मितिमा औषधि खरिद गरी जम्मा रु.१५५३६६१। भुक्तानी भएको भौचरसंग संलग्न बिल परीक्षण गर्दा देहाय बमोजिम १८ महिनाभन्दा घटी म्याद भएका औषधि समेत सप्लाइ भएको देखियो । पालिकाले सम्झौता गर्दा अधिकतम म्याद सम्झौता भन्दा घटी हुने औषधीको सम्वन्धमा समेत सम्झौतामा सोही किसिमको सर्त समावेश गरी औषधी आपुर्ति तथा खरिद व्यवस्थापन गर्नु पर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ६२.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६३ फरक दरमा भूक्तानी

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंले जारी गरेको आर्थिक बर्ष २०८१।८२ मा स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु संचालन सम्बन्धि मार्गदर्शन अनुसार स्वास्थ्य सम्बन्धि १३ वटा बजेट उपशीर्षक अन्तर्गत विनियोजन भई सञ्चालन हुने कार्यक्रमको लागि अनुसुची १ को तालिम गोष्ठी सञ्चालन सम्बन्धी खर्चको निम्न मापदण्ड अनुसार खर्च गर्नसक्ने व्यवस्था छ। उक्त तालिम गोष्ठी सञ्चालन सम्बन्धी खर्चको निम्न मापदण्ड स्थानीय स्तरमा स्रोत व्यक्ति/सहजकर्ताको लागि रु.६००.००, कार्यपत्र वापत रु.१०००.००, सहभागी भत्ता रु.७००.००, संयोजक भत्ता रु.३००.००, सहयोगी २ जनासम्म रु.३००.०० कार्यालय सहयोगी रु.१५०.०० प्रतिवेदन रु.१०००.००, खाजा रु.२००.००, मसलन्द प्रति सहभागी रु.५०.००, मसलन्द प्रशिक्षण रु.१०००.००, विविध रु.५००, दैनिक भ्रमण भत्ता, यातायात खर्च तथा तालिम सुविधा उपलव्ध गराउने व्यवस्था रहेको छ। पालिकाले संघीय सशर्त स्वास्थ्य तर्फ निम्नानुसार रु. १,२३,२४,३९२.५० खर्च गरेकोमा कार्यक्रममा सहभागी भत्ता रु.७००.०० का दरले भुक्तानी गर्नु पर्नेमा रु.१०००.०० का दरले भुक्तानी गरेको अवस्था रहेको छ। पालिकाले तालिम गोष्ठी सञ्चालन सम्बन्धी खर्चको मापदण्डको पुर्ण रुपमा कार्यान्वियन गरी खर्चमा मितव्ययीता कायम गर्नु पर्दछ।

शीर्षक	बार्षिक बजेट	खर्च
पारिश्रमिक कर्मचारी	१३,८६,०००.००	१३,८६,०००.००
कार्यक्रम खर्च	८३,३९,०००.००	८१,३६,४४३.५०
विविध कार्यक्रम खर्च	११,१२,०००.००	१०,७४,००८.००
औषधीखरिद खर्च	१७,३०,०००.००	१७,२७,९४१.००
जम्मा	१,२५,६७,०००.००	१,२३,२४,३९२.५०

६४ आमा सुरक्षा

आमा सुरक्षा कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थालाई अनुदान तथा यातायात खर्च सोधभर्ना भुक्तानी दिंदा ति स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाले निर्देशिका अनुसार निशुल्क उपचार र यातायात खर्च पाए नपाएको सम्वन्धमा अनुगमन तथा सुपरिवेक्षण गरी भुक्तानी गर्नुपर्दछ । यो वर्ष पालिकाबाट विभिन्न वर्थिङ्ग सेन्टरबाट प्रत्येक महिना पेश गरेको आमा सुरक्षा इकाई मुल्य फाराम (अनुसूचि १०) वमोजिम विभिन्न भौचरबाट २०८१ श्रावण देखि २०८२ असार मसान्त सम्म कुल २८० जनाको सुत्केरी यातायात खर्च प्रति व्यक्ति रु.२००० का दरले जम्मा रु.५६६००० र प्रसुती गराए वापत संस्थागत शुल्क प्रति सुत्केरी रु.२५०० का दरले जम्मा रु. ७०७५०० र जटिलताको लागि ३ सुत्केरीको रु.४००० का दरले रु.१२००० गरी जम्मा रु.७१९५०० तथा प्रोटोकल बमोजिम गर्भवती उत्प्रेरणा प्रोत्साहन प्राप्त गरेका १९८ जनालाई रु.८०० का दरले जम्मा रु. १५८४०० समेत गरी जम्मा रु.१४४३९०० सोधभर्ना भुक्तानी

गरेको छ। वर्थिङ्ग सेन्टरले संस्थागत शुल्कको माग गर्दा अनुसूचि १० फाराममा १५० जना सामान्य रुपमा सुत्करी गराएको उल्लेख छ । उल्लेखित प्रसुति सेवा लिने सेवाग्राहीले निर्देशिकामा तोके बमोजिम अस्पतालले निशुल्क सेवा दिई डिस्चार्ज पछि तोकिएको यातायात खर्च पाए नपाएको सम्वन्धमा अनुगमन तथा सुपरीबेक्षण गर्ने गरेको नदेखिएकोले प्रभावकारी अनुगमन तथा सुपरीबेक्षण हुनु पर्दछ ।

६५ बहुवर्षिय आयोजना कार्यान्वयन

पालिका र निर्माण व्यवस्यी विच भएको सम्झौताको कार्यान्वय गरी निर्माण कार्य सम्पन्न हुनु पर्दछ। बहुवर्षिय आयोजनाको रुपमा निम्नानुसार सम्झौता भएका कार्यान्वयनमा रहेका आयोजनाको अवस्था र सो सम्वन्धमा देखिएका व्यहोरा निम्नुसार रहेका छन।

क्र.सं.	आयोजना	सम्झौता अवधि	सम्झौता रकम	निर्माण व्यावसायी	भुक्तानी रकम
१	पन्ध्र शैयाको नगर अस्पताल	०८०।७। १९-०८२।८।३०	२३१२४४५५९	शिवालय विल्डर्स प्रा.ली.,काभ्रेपलान्चोक	४३७९६८९४
२	खानेपानीयोजना निर्माण	०८१।२।७-०८३। ३।१०	५३६५८२५२	जलजला-स्वर्गद्वारीजे.भी.	३५९६४०३९
३	स्वर्गद्वारीनगरपालिका देखि जिमुरपाटासम्म जोड्ने सडक तथा भिंग्री स्वास्थ्य केन्द्र घुम्तीसडक निर्माण	०८०।२२। १७-०८३।४।३०	१५८७७७३८	के.आर.के.कन्स्ट्रक्सन,तुल्सीपुर-१२,दांग	१३८५९०३२.७९
४	बाझीपुर्लिफ्ट सिंचाई आयोजना	०८१/१/१८-०८३। २।३	१७७९७३२९	शर्मा/जगन्नाथ/पदमाजे.भी.	१३२३०२६४

पालिका र शिवालय विल्डर्स प्रा.लि. चौंरीदेउराली विच पन्ध्र शैया नगर अस्पताल निर्माण गर्ने २०८२।८।३० सम्म निर्माण सम्पन्न गर्ने गरी २०८०।७।१९ मा रु. २३,१२,४४,५५९.७६ को निर्माण सम्झौता भएको देखियो। सम्झौता अनुसार रु.४,४६,२८,०००.०० पेश्की उपलव्ध गराएकोमा २०८२ असार मसान्तसम्म २०८२।१।७ मा प्रथम रनिङ्ग विल पेश भई रु.४,३७,९६,८९४.४८ भुक्तानी गरेको देखियो। सम्झौताको ७० प्रतिशत अवधि समाप्त भइसक्दा १९ प्रतिशतमात्र कार्यभई भुक्तानी भएको देखिएकोले निर्माण कार्य सम्झौता अनुसार तोकेको समयमा कार्यसम्पन्न गर्न आवश्यक पहल गर्नुपर्दछ।

६६ धरमशाला अमर माध्यामिक विद्यालय मालुङ मोटर बाटो निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको नर्म्स भए नर्म्स वमोजिम र नभएको अवस्थामा नर्म्स तयार गरी नेपाल सरकार, मन्त्रीपरिषदवाट स्वीकृत गराई सोही नर्म्सको आधारमा लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ । सोही व्यवस्था अनुसार पालिकाले सडक तथा पुल निर्माणको लागत अनुमान तयार गर्दा संघीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवाट २०७५ मा संसोधित STANDARD SPECIFICATIONS FOR ROAD AND BRIDGE WORKS, २०७३ मा तोकेको मापदण्डमा रही गर्नु पर्दछ । उक्त मापदण्डको वुँदा नं. १३१० मा समावेश Close graded premix surfacing/mixed seal surfacing material को मोटाई २० मिलिमिटर हुनु पर्ने र मापदण्डको बुँदा नं. १३०९(१३.६) अनुसार अस्फाल्टको कार्य ३० देखि ५० मिलिमिटर रहने उल्लेख छ । पालिका र खनाल ब्रदर्श कन्स्ट्रक्सन,सन्धिखर्कविच २०८२।६।३० सम्म सम्पन्न गर्ने गरी २०८०।७।२० मा धरमशाला अमर माध्यामिक विद्यालय मालुङ मोटरबाटो निर्माण गर्न रु. ५,८८,६६,७७१.७७ सम्झौता भएकोमा २०८१।९।१ भेरियशन सहित रु. ५,६३,२१,२२०.५९ को काम सम्पन्न भएको देखिन्छ। पालिकाले धरमशाला अमर माध्यामिक विद्यालय मालुङ मोटर बाटो निर्माण गर्न स्विकृत भएको विस्तृत परियोजना प्रतिवेदनमा (डि.पि.आर.)मा ४०५ घन मिटरको ३० मिलिमिटर पिचको कार्य प्रतिघनमिटर रु.१८,७४१.६० का दरले रु. ७५,९०,३४९.१९ लागत अनुमान भएको आइटमको कार्य प्रति घनमिटर रु. १९,०००.०० का दरले ७६,९५,०००.०० मा सम्झौता गरेको छ। उक्त सडक निर्माणको लागत अनुमान तयार गर्दा पिचको मोटाई ३० मिलिमिटर हुने गरी लागत अनुमान तयार गरी ठेक्का प्रकृयावाट निर्माण सम्झौता भएकोमा जानकी सिभिल ल्याव सोलुशन प्रा.लि., जनकपुरधाम १४ को परीक्षण प्रतिवेदनमा निर्माण व्यावसायीले उपलव्ध गराएको नमुना अनुसार कोरकटिङ्गको मोटाई

औषतमा ३० एमएम रहेको उल्लेख छ । पालिकाले स्थानीय आवश्यकता तथा सवारी चाप लगायत बेहोरा समावेश गरी आवश्यकता पहिचान गरी कार्यान्वयन गर्नुपर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : स्वर्गद्वारी नगरपालिका, प्युठान , स्वर्गद्वारी नगरपालिका , प्युठान

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	भोज बहादुर भण्डारी	२०८०-११-१७	२०८१-६-२०
कार्यालय प्रमुख	BIMAL RIJAL	२०८१-६-२१	२०८१-११-२८
कार्यालय प्रमुख	केशवराज भट्टराइ	२०८१-१२-६	२०८२-०३-३२
कार्यालय प्रमुख	Remanta Bahadur Dangi	२०८२-१२-१७	हाल सम्म कार्यरत
लेखा प्रमुख	धन बहादुर ओली	२०८१-०४-०१	२०८२-०२-१२
लेखा प्रमुख	आयुषा ओली	२०८२-०२-१३	२०८२-०३-३२
लेखा प्रमुख	Shankar Prasad Ghimire	२०८२-०६-०७	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१४१,८०६	३,६७७,३३६.८७	१,६६८,५३१.१९	०	०	१२,८१९,०४३
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१८,३०६,७१७.०६
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	४,५००,८२२.०९
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१३,८०५,८९४.९७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६४४७३१३२.२९	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	७५४५८०८३३.५१	चालु खर्च	५३८३२०८९६.५७
प्रदेश सरकारबाट अनुदान	४३७८१८९३.९९	पूँजीगत खर्च	२५६७२४१७७.४१
राजश्व बाँडफाँट	६३१९१९९.०	वित्तीय/अन्य व्यवस्था	५०५९६३३१.०५
आन्तरिक आय	२०३७२४८५.९		
अन्य आय	१७८२४९२४.४७		
कुल आय	८४२८७९३३६.८७	कुल खर्च	८४५६४१४०५.०३
बाँकी मौज्दात		६१७११०६४.१३	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)					
क.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व अनुदान र अन्य प्राप्ति				
११०००	कर	१३३४७२३१३.३५	१३३४७२३१३.३५	११९९४४१७८.१	११९९४४१७८.१
१३०००	अनुदान	५०५१२०७९४.०३	५०५१२०७९४.०३	४३७०३४५९६.७९	४३७०३४५९६.७९
१४०००	अन्य राजस्व	११०९५६५३.३४	११०९५६५३.३४	१२७४००४२.४२	१२७४००४२.४२
१५०००	विविध प्राप्ति	२०६९४८.	२०६९४८.	५१९९४४.	५१९९४४.
क	**कुल जम्मा प्राप्ति**	६४९८९५७०८.७२	६४९८९५७०८.७२	५७०२३८७६१.३१	५७०२३८७६१.३१
३	चालु	४०११५४१६४.९१	४०११५४१६४.९१	३८५९६८५०६.५२	३८५९६८५०६.५२
२१०००	पारिश्रमिक / सुविधा	२५६४३७५८०.५१	२५६४३७५८०.५१	२४६२९१५८८.५	२४६२९१५८८.५
२२०००	मालसामान तथा सेवाको उपयोग	१२८५०८४८७.४	१२८५०८४८७.४	१२८८५१३८१.३७	१२८८५१३८१.३७
२३०००	स्थिर सम्पत्तिको उपभोग खर्च	०	०	२३६५५७१.	२३६५५७१.
२५०००	सहायता (Subsidy)	४४६३८५०.	४४६३८५०.	८९८८५०.	८९८८५०.
२७०००	सामाजिक सुरक्षा	११०३८०२७.	११०३८०२७.	५५२१६३७.६५	५५२१६३७.६५
२८०००	अन्य खर्च	७०६२२०.	७०६२२०.	२०३९४७८.	२०३९४७८.
४	पूंजीगत	२५६७४४०१७.३७	२५६७४४०१७.३७	१७६३०६२२५.११	१७६३०६२२५.११
३१११०	भवन तथा संरचना	११७४४११७४.	११७४४११७४.	२४२६३४९८.१२	२४२६३४९८.१२
३११२०	सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स	७२१०३८२.	७२१०३८२.	९६२१३००.७९	९६२१३००.७९
३११३०	अन्य पूँजीगत खर्च	७७३६६४.	७७३६६४.	१२९५४७९.	१२९५४७९.
३११४०	सुरक्षा उपकरण	८४२०७०.	८४२०७०.	०	०
३११५०	सार्वजनिक निर्माण	१२५२६१०००.६४	१२५२६१०००.६४	१३८६१५१७७.२	१३८६१५१७७.२
३११६०	निर्मितसरचनाको सुधार खर्च	५००१७४५.	५००१७४५.	२९३०५३.	२९३०५३.
३११७०	पूँजीगत सुधार खर्च	२१३९८१.७३	२१३९८१.७३	१९२०७१७.	१९२०७१७.
३१२२०	मौज्दात सामानहरु	०	०	२९७०००.	२९७०००.
ख)	**कुल जम्मा भुक्तानी**	६५७८९८१८२.२८	६५७८९८१८२.२८	५६२२७४७३१.६३	५६२२७४७३१.६३
ग)	**बचत /कमी (ग = क-ख)**	-८००२४७३.५६	-८००२४७३.५६	७९६४०२९.६८	७९६४०२९.६८
घ)	**धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)**	५८७७०२६.९२	५८७७०२६.९२	-१९४७१८२.४९	-१९४७१८२.४९
घ.१)	**कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी**			-२,६२४.००	-२,६२४.००
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) (ङ = ग+घ)**	-२१२५४४६.६४	-२१२५४४६.६४	६०१६८४७.१९	६०१६८४७.१९
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**	६२०२३३०९.१४	६२०२३३०९.१४	५६००६४६१.९५	५६००६४६१.९५
छ)	**विनिमय नाफा/ घाटा तथा अन्य समायोजन**				
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**	५९८९७८६२.५	५९८९७८६२.५	६२०२३३०९.१४	६२०२३३०९.१४

बेरूजु दफा २५ सँग सम्बन्धित विवरण - अनुसूची -४

सुरक्षित नागरिक आवास तर्फः

क्र.स.	घरधनीकोक्र.सं.	घरधनीकोनाम	पहिलोकिस्ता रु.
१	४	शान्ति बुढामगर	४५०००
२	१४	रेउतीदेवी घर्ती	४५०००
३	४५	बालाराम कवर	४५०००
४	४६	चेंखुथापा मगर	४५०००
५	८५	दान बहादुर रोकाय	४५०००
६	८६	भवानी बहादुर रोकाय	४५०००
७	७०	टेक बहादुर रोकामगर	४५०००
८	१२३	कमला बि.क.	४५०००
९	१२५	संगीता घर्तीमगर	४५०००
१०	१२६	बालाराम खनाल	४५०००
११	१२७	गुमाने सार्की	४५०००
१२	१०७	रविलाल पुनमगर	४५०००
१३	१३१	सरस्वती घर्तीमगर	४५०००
१४	१३२	यवराज घर्तीमगर	४५०००
१५	१६२	ज्योतिबि.क.	४५०००
१६	१७७	ताल बहादुर महतारा	४५०००
१७	१८	कलि घर्तीमगर	४५०००
१८	२०	पशुपति कामी	४५०००
१९	२२	शिवराज घर्तीमगर	४५०००
२०	२४	रिखिराम घर्तीमगर	४५०००
२१	११९	बालिबि.क.	४५०००
२२	१३४	कुमारी देवीभण्डारी	४५०००
२३	१९१	शान्ति भण्डारी	४५०००
२४	१७८	रोम बहादुर सापकोटा	४५०००
२५	१८७	कल्पना महतरा	४५०००
२६	१९९	मित्रमणि पोखरेल	४५०००

२७	२०२	उमादेवी घर्तीक्षेत्री	४५०००
२८	७३	पीमा घर्तीमगर	४५०००
२९	७४	कमल कामी	४५०००
३०	९७	लक्ष्मी देवी जैसी	४५०००
३१	११०	शर्मीला सार्की	४५०००
३२	११२	हस्तादेवी सुनार	४५०००
३३	११३	घमानसिङ थापामगर	४५०००
३४	११४	रम्मीदेवी सार्की	४५०००
३५	१५४	नारायण बुढामगर	४५०००
३६	१५७	ओमप्रकाश बुढामगर	४५०००
३७	१५८	सेतीदेवी घर्तीमगर	४५०००
३८	१६९	मनिषा राना	४५०००
३९	२८	शिवा बि.क.	४५०००
४०	१४३	नुमा घर्तीमगर	४५०००
४१	६७	वसन्त बहादुररोका	४५०००
४२	१४२	छविलाल पुन	४५०००
			१८९००००।

बेरूजु दफा ३९ सँग सम्बन्धित विवरण - अनुसूची -५

गो भौ नं	नाम थर	पद	वडा नं.	बैठक संख्या	दर रु.	वढी भुक्तानी
४२९, १६५४, ११८९	इश्वर आचार्य	अ स ई	८	२४	१०००	२०४००
	खुमा खत्री	का स	८	२४	,,	२०४००
६६१, १७०८	त्रिबिक्रम रावत	अ स ई	६	१२	,,	१०२००
	प्रदिप कुमार बसेल	का स	६	१२	,,	१०२००
६६६, १६३१	मिनराज कोकाय	अ स ई	७	१२	,,	१०२००
	विमला गोराथोकी	का स	७	१२	,,	१०२००
९२२, १७६३	भक्त बहादुर बि क	प्राविधिक	२	७	,,	५९५०
	दिव्या पुन	सा प	२	६	,,	५१००
	टिकाराम भण्डारी	का स	२	१२	,,	१०२००
१६१८	ओम प्रकाश ओली	प्रविधिक	४	६	,,	५१००
	मायादेवी थापा		४	१२	,,	१०२००
१६४१	प्रेम भण्डारी	अ स ई	५	२४	,,	२०४००
	पदम बहादुर खडका	का स	५	२४	,,	२०४००
१६६१, १२०६	उमा महतरा		९	१२	,,	१०२००
	शान्ता खडका	का स	९	१२	,,	१०२००
१६७७	गोकर्ण प्रसाद भण्डारी	अ स ई	३	१४	,,	११९००
	सिता रेग्मी	का स	३	१४	,,	११९००
१७२१	गोमा पुनमगर	सा प	१	१२	,,	१०२००
	पदम बहादुर कुमाल	अ स ई	१	१२	,,	१०२००
	भुमा के सी पुन	का स	१	१२	,,	१०२००
जम्मा						२३३७५०

बेरूजु दफा ६२.२ सँग सम्बन्धित विवरण - अनुसूची -६

मिति २०२४ अक्टोबर २१ मा खरिद औषधिहरु					
क्र सं	औषधिको नाम	एक्सपायरी मिति	परिमाण	दर	रकम
1	Azithromicine 500 mg azt 22341	Dec 31 2025	25000	0.1	2500
2	Permetnrine Cream pce 066	Oct 31 2025	2000	0.1	200
3	Nifedine tab nfx 046	Dec 31 2025	200	4	800
4	Adrenaline inj cf 123200	Dec 31 2025	50	0.1	5
	Total				3505
मिति २०२४ सेप्टेम्बार २६ मा खरिद औषधिहरु					
1	Lignocaine with ecs 027	March 31, 2026	100	0.1	10
2	Salbutamole Syrup icps 017	March 31, 2026	1000	0.1	100
3	Silver Cream sc107	Dec 31 2025	1000	29	29000
4	Zinc sulphate fztt 01009	March 31, 2026	8000	1.1	8800
5	Amoxycilin dry syrup fsmd 01027	Feb 31, 2026	500	2.6	1300
6	Chlor hexidine oint ube 170	May 31 2025	200	24	4800
7	Dexamethasone Inj kv 24022a	Feb 28, 2026	100	0.1	10
8	Ranitidine Injr as 037	Dec 31 2025	200	0.1	20
9	Aluminum hydroxide Magnesium tab trc 2 100	Feb 28, 2026	30000	0.96	28800
10	Cefixim 200 mg sutt 01017	March 31, 2026	20000	0.1	2000
11	Cetrizine 10 mg ezt 4076	March 31, 2026	20000	0.5	10000
12	Chlorhexidine Mouth wash ahl 01008	April 30, 2026	200	44	8800
13	Didofanac Inje ns 022	Feb 28, 2026	200	12	2400
14	Fulconazol 30047	Feb 28, 2026	5000	0.1	500
15	Metronidazole syrup aml 01006	jan 31, 2026	1000	22	22000
16	Neomicine skin oint ozc 031	jan 31, 2026	2000	34	68000
17	Vitamine Bcomplex 1078	Feb 28, 2026	40000	3	120000
18	Amlodipine 5 mg amt 13123	Aug 31, 2025	70000	0.64	44800
19	Hyoscine Inj lez 23080	Nov 30, 2025	150	0.1	15
20	Aspirine 75 mg 01410146	Nov 30, 2025	3000	0.1	300
21	Use -Me-Frusemide tab ip 40 mg ifo 012	Feb 28, 2026	1000	0.1	100
22	Ibuprofen 400 mg ibu 18041	Feb 28, 2026	40000	1.92	76800
	Sub Total				428555
	Total				**432060**

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था रहेकोमा पालिकाले आन्तरिक लेखापरीक्षण गराएको छैन, आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदनको गुणस्तरीयता कायम गर्दै त्यसको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।